अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : १६ / २०८३ कातिक २७ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Nov. 13, 2026 / मूल्य रू. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

सर्वोच्चका प्रस्तावित चारै न्यायाधिसको नाम अनुमोदन

काठमाडौं । सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका चारै जनाको नाम संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको छ ।

गत शनिबार बसेको संसदीय सुनुवाइ समितिको बैठकले सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका चन्द्रबहादुर सारू, जनक पाण्डे, गोकर्ण डाँगी र डा.रत्नबहादुर बागचन्दको नाम अनुमोदन गर्ने निर्णय गरेको समितिका सभापति बोधनारायण श्रेष्ठले जानकारी दिए । न्यायपरिषद्ले उच्च अदालतका मुख्य न्यायाधीश रहेका उनीहरूलाई सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस गरेको थियो ।

चारै जनाको संसदीय सुनुवाइका क्रममा प्रस्तावित न्यायाधीशहरूसँग सांसदहरूले विभिन्न प्रश्न गरेका थिए । सुनुवाइ प्रक्रिया पूरा भएपछि समितिले उनीहरूको नाम अनुमोदन गरेको हो । अब उनीहरूले राष्ट्रपतिले न्यायाधिशमा नियुक्त गर्नेछन् ।

आजदेखि छठपर्व सुरू

काठमाडौं । चार दिन मनाइने छठ पर्व आज कात्तिक २७ गते सुरू हुँदैछ । सूर्यदेव र षष्ठीदेवी (छठीमाता) को महिमा गाइने पर्वका लागि नजिकका नदी किनार, पोखरी तथा धार्मिक महत्वका जलाशयमा छठघाट निर्माण र सरसफाइ गरिएको छ।गाउँघरमा बाँसका भाटा र झिक्रा प्रयोग गरी बनाइएका घरका भित्ता लिपपोत तथा रङरोगन गरिएको छ ।

सडक, घर र सार्वजनिक स्थलमा झिलिमिली बत्ती जडान गरिएका छन् । धनी, गरिब सबैले आफ्नो क्षमताअनुसार श्रद्धा र निष्ठाका साथ छठ मनाउने तयारीमा छन् । मिथिलामा कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने छठको पहिलो दिन आज 'नहाय-खाय' गरिन्छ । दोस्रो दिन 'खरना' गरिन्छ भने तेस्रो दिन व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन् ।

चौथो दिन बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व सम्पन्न हुन्छ । छठ पर्वमा पुराना मनमुटाव बिर्सेर सबै एकै ठाउँमा भेला भई सूर्यदेवको आराधना गर्छन् । छठघाटमा जातीय तथा सामुदायिक विभेद नगरी सबैले एकै लहरमा बसेर पर्व मनाउने परम्परा छ ।

ताइवानसँग एकीकरण भएरै छाड्ने चिनियाँ राष्ट्रपति सीको दावी

काठमाडौं । चीनका राष्ट्रपति सी चिनफिङले ताइवानसँगको एकीकरणप्रतिको प्रतिबद्धता दोहोऱ्याउँदै मातृभूमिको एकीकरणलाई इतिहासको अपरिहार्य दिशा बताएका छन् ।

बिहीबार (नोभेम्बर १२) बेइजिङमा नेता सन यात-सेनको १६०औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा सीले ताइवान मुद्दाको समाधान गर्नु चिनियाँ कम्युनिस्ट पार्टीको 'अटल ऐतिहासिक मिसन' भएको बताए । उनले इतिहासको बहाव रोक्न नसकिने र चीनको

>>> बाँकी ८ पेजमा

बालेन सरकार आफूले खनेको खाल्डोमा आफैं पनि सक्ने

रास्वपाभित्रैबाट उठ्यो सरकार विरोधको स्वर

देवेन्द्र चुडाल



काठमाडौं । पछिल्लो समयमा सत्ताधारी दल रास्वपाभित्रको आन्तरिक द्वन्द्व बाहिर आउन थालेको छ । सरकारले पत्रकार पक्राउ र निजी क्षेत्रका सञ्चारमाध्यमका कार्यालयमै गएर प्रहरीले पत्रकारहरूलाई पक्राउ गर्नु र प्रहरी महानिरीक्षक हेरफेर गरेपछि रास्वपा सभापति रवि लामिछानेले आलोचनात्मक सन्देश दिन थालेका छन् । सरकारका पछिल्ला गतिविधिलाई लिएर सभापति लामिछानेले रास्वपा विधिको शासनमा विश्वास गर्ने पार्टी भएको बताएका छन् ।

उनले सत्ता सञ्चालनमा अपरिपक्वताको संकेत सरकारले दिन नहुने भन्दै रास्वपा अपरिपक्क भएको छ कि भन्ने सन्देश बाहिर जान नहुने भन्दै घुमाउरो पारामा सरकारका काम कारबाहीको आलोचना गरेका छन् । उनले हाम्रा व्यवहार क्रियाकलाप, गतिविधि कानुनी राज्यको स्थापनाका लागि हुनुपर्ने हुन्छ त्यो परिणाम मात्र होइन लोकतान्त्रिक प्रक्रिया पनि हो । त्यो प्रक्रियालाई ध्यान दिनुपर्दछ किनभने हामीलाई अन्य राजनीतिक दल, नागरिक समाज र अन्तर्राष्ट्रिय समाजले पनि हेरी राखेका छन् भने अभिव्यक्ति दिएका छन् ।

पार्टी सभापति लामिछानेले सरकारका विषयमा आफूले सरकारलाई घचघच्याउने भन्दै सरकारका विषयमा आफू र पार्टीले अभिव्यक्ति दिँदा वा निर्णय लिँदा नेतृत्वमा विवाद रहेको भने व्याख्या गर्न नहुने भन्दै सभापति लामिछानेले पार्टीले गर्ने निर्णयहरु सरकारले सुन्नुपर्ने र आवश्यकता अनुसार अघि बढाउनुपर्ने बताउँदै आएका छन् । तर सरकारले केही दिन अगाडिमात्र नेपाल प्रहरीका महानिरीक्षक दान बहादुर कार्कीलाई हटाएर डा. मनोज केसीलाई महानिरीक्षकमा बढुवा गरी नियुक्ति गरेको थियो ।

सरकारले पार्टीले समेत निर्देशन दिएको हुनाले कार्कीलाई हटाइएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताएका थिए भने पार्टी प्रवक्ता जगदिश खरेलले भने पार्टीले सरकारलाई त्यस्तो निर्देशन नै नदिएको बताएपछि सरकार

>>> बाँकी ८ पेजमा

छुटे टोपबहादुर रायमाझी



काठमाडौं । पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी तीन वर्ष ६ महिना जेल सजाय पूरा गरेर २६ गते विहिबार थुनामुक्त भएका छन् ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाएको आरोपमा दोषी ठहर भई रायमाझीले कैद भुक्तानका लागि डिल्लीबजार कारागारमा थिए । रायमाझीले उमेर हदको सुविधा पाउनका लागि जिल्ला अदालत काठमाडौंमा निवेदन दिएका थिए । उनी कात्तिक २६ गते ६५ वर्ष पुगेसँगै अदालतको आदेश अनुसार उनी कैदमुक्त भएका हुन् ।

रायमाझी २०८० वैशाख ३१ देखि उनी थुनामा रहेका थिए । नक्कली भुटानी प्रकरणमा

>>> बाँकी ८ पेजमा

गणतन्त्रले जित्यो तर पासोमा पर्दै छ

काठमाडौं । ३० वर्षसम्म चलेको निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातान्त्रिक व्यवस्था लागु भएपछिका विभिन्न समयमा भएका निर्वाचनहरूमा १/२ पटक राजनीतिक दलहरूले एक्लाएक्लै बहुमत ल्याएका भएपनि आजसम्म कुनै पनि राजनीतिक दलले पुरै पाँच वर्षसम्म सरकार सञ्चालन गर्न सकेका छैनन् त्यसको एउटै कारण हो राजनीतिक दलहरु भित्र लोकतान्त्रिक चरित्र नहुनु र व्यक्तिगत स्वार्थ पूरा गर्न लाग्नु नै प्रमुख कारण थियो ।

पछिल्लो समयमा नेपाली राजनीतिमा प्रवेश गरेको रास्वपाले छोटो समयमै राजनीतिक मूलधारमा आउन सफल भएको छ । तर उसले पनि राजनीतिक चरित्र देखाउन सकेको देखिँदैन । २०८२ भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक घटनाकै कारण रास्वपाले २०८२ फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको थियो ।

भाद्र २३ र २४ गतेको घटनामा रास्वपाको प्रत्यक्ष अप्रत्यक्ष समर्थन थियो । काठमाडौं महानगरका तत्कालिन मेयर बालेन साहको भाद्र २३ र २४ गतेको घटनामा अप्रत्यक्ष रूपमा संलग्नता थियो । त्यही कराणले गर्दा उनले भाद्र २४ गतेको विध्वसात्मक कार्यपछि आन्दोलनकारीहरूलाई नेपाली सेनाका प्रधान सेनापतिसँग वार्ता गर भनेर स्टाटसमार्फत निर्देशन दिएका थिए । भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने हालका गृहमन्त्री सुधन गुरूङ सहितका केही व्यक्तिहरु गत पुसमै रास्वपामा प्रवेश गरेका थिए । रास्वपाका धेरैै नेता तथा कार्यकर्ताहरु समेत उक्त घटनामा संलग्न भएका प्रमाणहरु छताछुल्ल भएका भएपनि विध्वसात्मक कार्यमा संलग्न भएकाहरु नै अहिले सांसद रहेका हुनाले भाद्र २३ र २४ गतेको घटना रहस्यमय बनेको छ ।

बालेन साह सहितका धेरै व्यक्तिहरु रास्वपामा प्रवेश गरेका र उनीहरूकै बलमा भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य भएकोले रास्वपाले उनीहरु सबैलाई आफ्नो पार्टीमा प्रवेश गराएर बालेनलाई भावी प्रधानमन्त्रीको उम्मेदवार भन्दै निर्वाचनमा गएको र विरोध

>>> बाँकी ८ पेजमा

हुकुमी शैलीमा सरकार सञ्चालन हुनु लोकतान्त्रिक चरित्र हुन सक्दैन

काठमाडौं । रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको सात महिना भित्रैमा अनेक प्रकारका घटनाहरु भएका छन् । प्रधानमन्त्री बालेनले स्टाटसमार्फत सरकारका काम कारबाहीका बारेमा जानकारी गराउने कार्य गरेका छन् भने उनको सो कार्यको विरोध समेत हुँदै आएको छ ।

सरकारले कर्मचारीलाई नियन्त्रणमा लिएर उनीहरूले गरेका निर्णयहरूमा हेरफेर गर्न लगाउने हठात प्रहरी महानिरीक्षक परिवर्तन गर्ने तथा न्यायाधिशहरूलाई महाभियोग लगाउने चर्चाले निजामती, प्रहरी संगठन, न्यायालयमा समेत अन्योल छाएको छ । सरकारले कुन बेला को माथि प्रहार गर्दछ भन्ने त्रासमा कर्मचारीहरु रहेका छन् ।

सरकारका काम कारबाहीमा हल्कापन, लहडपन देखिएको छ । विधि विधान मिचेर सरकारी उच्च तहका कर्मचारीहरूलाई नियन्त्रणमा लिएर उनीहरूले गरेका निर्णयहरूमा हेरफेर गर्न उनीहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुऱ्याउने गरिएकोले गर्दा बोलन सरकार विधि विधानलाई उल्लंघन, लहडका भरमा सरकार सञ्चालन गरिरहेको जस्तो देखिएको छ ।

जनताबाट झण्डै दुई तिहाई मत ल्याएर सरकारमा पुगेको रास्वपा नेतृत्वको बालेन सरकारले विधि, विधान, लोकतान्त्रिक विधि प्रक्रियालाई समेत उल्लंघन गर्दै आएको छ । जनताबाट अपार अभिमत पाएको सरकारसँग जनताको यस्तो अपेक्षा थिएन ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा भैरहेको कतिपय कार्यहरूले सिंगो कर्मचारीतन्त्रमा प्रतिकुल असर परेको देखिन्छ । कर्मचारीलाई अन्यौल र डरमा राख्दा सरकारलाई नै समस्या पर्न सक्छ । कर्मचारीहरूले बद्मासी गरेका छन् भने उनीहरूलाई कानुनी कारबाही गर्नु, सरकारको कर्तव्य हो त्यस्तो अवैध कार्य गर्ने कर्मचारीहरूलाई कारबाही गर्नुको बदला नियन्त्रणमा लिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुऱ्याएर उनीहरूले पहिला गरेका निर्णयहरु उल्टाउन लगाउनु अर्को गम्भीर अपराध हो ।

>>> बाँकी ८ पेजमा

हसिना बंग्लादेश फर्किए मृत्युदण्डको फैसला कार्यान्वयन गरिने चेतावनी

काठमाडौं । बंगालादेशकी पूर्वप्रधानमन्त्री शेख हसिना स्वदेश फर्किए उनीविरूद्ध मृत्युदण्डको फैसला कार्यान्वयन गरिने मुख्य अभियोजकले बताएका छन् ।

अभियोजक मोहम्मद अमिनुल इस्लामले पत्रकारहरूसँग कुरा गर्दै हसीनासँग अदालतको फैसला कार्यान्वयनको सामना गर्नुबाहेक अन्य विकल्प नरहेको समाचार एजेन्सी एएफपीले जनाएको छ । हसिनाले पनि आफू बंगलादेश फर्किएमा मृत्युदण्डको सजाय हुन सक्नेबारे जानकार रहेको एएफपीलाई बताएकी छन् ।

नोभेम्बर २०२५ मा ढाकास्थित एक अदालतले मानवताविरूद्धका अपराधमा दोषी ठहर गर्दै हसिनाको अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको थियो । हसिनाले भने उक्त

>>> बाँकी ८ पेजमा

Trump's 'Board of Peace' a New Global Order?

Qamar Bashir

Is the Board replacing the UN?

When US President Donald Trump introduced the "Board of Peace," it was presented not merely as a response to the war in Gaza, but as the foundation of a broader international mechanism for managing conflict and reconstruction across the world. Official charter documents describe a dual mandate: an immediate role in stabilizing Gaza through humanitarian coordination, institutional rebuilding, and transitional security oversight, and a longer-term ambition to evolve into a standing platform capable of engaging future post-conflict environments beyond the Middle East. This framing, reinforced by policy statements and diplomatic briefings, has placed the Board at the centre of a debate that extends far beyond one devastated territory.

The legal and institutional anchor for the Board's Gaza mission is a United Nations Security Council resolution adopted in November, which welcomed the initiative as a transitional administration through 2027. That resolution authorized the deployment of a temporary International Stabilization Force, required regular reporting to the Council, and framed the Board's role as preparatory to the return of authority to a reformed Palestinian administration. Yet the Board's own charter language leaves open the possibility of expansion into other conflicts, effectively positioning Gaza as the first test case for a wider experiment in global peace governance.

The structure of the Board reflects this ambition. The US president serves as the inaugural chair, supported by a founding Executive Board and a professional secretariat responsible for policy coordination and field operations. Membership is divided into two categories. Ordinary members are appointed for renewable three-year terms and are expected to contribute diplomatic, technical, and administrative expertise to the Board's active missions. Permanent members, by contrast, secure an open-ended seat by making a substantial financial contribution, reported as up to $1 billion, to support the institution's long-term activities. In return, they gain a role in shaping leadership selection, budget priorities, procedural rules, and decisions about whether and where the Board will operate in the future.

Supporters of this design argue that it addresses a chronic weakness in international peace efforts: the lack of predictable funding and sustained political attention. Large, upfront contributions are intended to guarantee the continuity of a professional secretariat, enable rapid deployment in emerging crises, and reduce reliance on voluntary pledges that can be delayed or withdrawn as domestic politics shift. Permanent members, having invested heavily, are expected to remain engaged over the long term, providing oversight and strategic direction.

Critics, however, see a fundamental problem in tying influence to financial capacity. From a justice-based perspective, peace is not a commodity to be purchased. The most meaningful contributions, they argue, come in the form of political risk, diplomatic labour, and technical expertise, not just capital. Governments that mediate between



hostile parties, deploy engineers and administrators to fragile environments, or absorb domestic backlash for controversial peace initiatives bear costs that are not measured in dollars. To ask them to pay for the privilege of participation appears to invert the moral logic of postwar reconstruction.

An alternative vision has emerged in response: a global reconstruction fund that separates financial contributions from governance. Under this model, governments, development banks, private institutions, and civil society would contribute according to their capacity, while decision-making would be based on expertise, neutrality, and regional legitimacy rather than financial thresholds. Advocates argue that this approach broadens the funding base, enhances moral authority, and reduces perceptions of exclusivity. The tradeoff is predictability. Voluntary funds are vulnerable to donor fatigue and political conditions, and without guaranteed capital, reconstruction efforts can stall and accountability can become diffuse.

The Board of Peace now stands as a test of how global governance adapts to a changing balance of power. Its legacy will not be measured only by what it achieves in Gaza, but by whether it can persuade a divided world that peace can be pursued with both effectiveness and legitimacy, rooted in cooperation rather than ownership, and in shared authority rather than exclusive influence.

Participation in the Board has been broad but uneven. Official briefings indicate that roughly 35 of the approximately 50 invited governments have committed so far. The list includes Middle Eastern states such as Israel, Saudi Arabia, the United Arab Emirates, Bahrain, Jordan, Qatar, and Egypt; NATO members Turkey and Hungary; and countries across multiple regions, including Morocco, Pakistan, Indonesia, Kosovo, Uzbekistan, Kazakhstan, Paraguay, Vietnam, Armenia, and Azerbaijan. Belarus's acceptance has drawn particular attention, given its strained relations with Western governments and its political alignment with Moscow.

Several close US allies have declined or hesitated. Norway and Sweden have refused. France has indicated it will not participate, citing constitutional and institutional concerns. Canada has agreed in principle but is seeking clarification. Britain, Germany, and Japan have not taken definitive public positions. Ukraine has acknowledged the invitation while expressing unease about sharing a forum with Russia. Russia and China, both permanent members of the UN Security Council, have not committed, reflecting caution toward initiatives that could be seen as diluting the UN's central role in global conflict resolution.

For the states that have joined, participation carries implications at home and abroad. In Israel, the prospect of a multilateral Board shaping Gaza's transition and potentially influencing security arrangements has sparked intense political debate. Some lawmakers and coalition partners view external oversight as a constraint on Israel's freedom of action, particularly on sensitive issues such as border control and any future discussion of disarming Hamas. Others see international involvement as a way to share responsibility for Gaza's future rather than leaving Israel isolated with the burden of governance and reconstruction.

In Iran, the Board is widely interpreted through the lens of strategic rivalry with Washington. Political figures and media outlets have portrayed it as an extension of US influence rather than a neutral peace mechanism, warning that participation by regional states could be read as endorsement of a US-led security architecture. This perception matters for governments in the Gulf and beyond that must balance relations with both Washington and Tehran.

One of the most sensitive issues surrounding the Board's Gaza mandate is the question of disarmament, particularly with regard to Hamas. Official frameworks emphasize stabilization and the return of governance to a reformed Palestinian Authority, but they are less explicit about how armed groups would be neutralized. The reality that even the combined military and intelligence capabilities of the USA and Israel have not eliminated Hamas's operational capacity has fueled skepticism that a multilateral Board, however well-funded, could succeed where sustained kinetic campaigns have not. For member states, association with any enforcement or inspection role carries the risk of domestic backlash and regional pressure.

All of this unfolds against the backdrop of a multipolar international system. China's emphasis on non-interference and development-led stability, the European Union's focus on legal norms and humanitarian standards, the Global South's sensitivity to perceived Western dominance, and the USA's strategic framing of diplomacy shape how the Board is perceived. An institution seen as aligned with a single worldview risks becoming a coalition forum rather than a neutral mediator. States that feel excluded or marginalized can respond by strengthening parallel mechanisms, from regional organizations to alternative development banks, producing a fragmented peace architecture rather than a unified one.

Formally, the Board of Peace does not replace the United Nations. It lacks treaty-based authority to issue binding resolutions or to authorize force beyond what the Security Council permits. Its influence is practical rather than juridical, flowing from its ability to coordinate funds, support transitional administrations, and shape policy frameworks through diplomacy and expertise. Yet practical influence can shift the balance of global governance if major donors and diplomatic energy flow through a selective forum rather than the UN's universal framework. The tension is between efficiency and legitimacy, between the speed of smaller, well-funded bodies and the broad acceptance conferred by universal institutions.

Whether the Board will collapse or endure is likely to depend on how it navigates this tension. Without sustained participation from all major power centers, it may find its role narrowed to technical coordination and reconstruction rather than political settlement in the world's most contentious conflicts. A hybrid approach, pairing a transparent, multi-donor reconstruction fund with a rotating and inclusive governance structure while recognizing major contributors without granting permanent political control, offers a possible path toward balance. The Board of Peace now stands as a test of how global governance adapts to a changing balance of power. Its legacy will not be measured only by what it achieves in Gaza, but by whether it can persuade a divided world that peace can be pursued with both effectiveness and legitimacy, rooted in cooperation rather than ownership, and in shared authority rather than exclusive influence.

भोटेकोशी बाढीबाट चार खर्ब ७२ अर्बको क्षति

गत १० भदौमा रसुवा भोटेकोशी नदीमा आएको बाढीले ऊर्जा, वातावरण, सिँचाइ, आवास तथा यातायात क्षेत्रका पूर्वाधार तथा सामाजिक संरचनामा चार खर्ब ७२ अर्ब ६६ करोड रूपैयाँको क्षति भएको देखिएको छ । राष्ट्रिय योजना आयोगले शुक्रबार सार्वजनिक गरेको क्षति र विपत्पछिको आवश्यकता मूल्यांकनको प्रारम्भिक विवरणले यस्तो देखाएको हो ।

कुल क्षतिमा हानितर्फ दुई खर्ब ८२ अर्ब ९० करोड र नोक्सानीतर्फ एक खर्ब ८९ अर्ब ७६ करोड छ । प्रतिवेदनअनुसार विपत्बाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण एवं पुनरूत्थान गर्न सात खर्ब ६ अर्ब ६५ करोड चाहिने देखिएको छ । तथ्यांकअनुसार सार्वजनिक क्षेत्रमा दुई खर्ब १८ अर्ब ६३ करोड ४९ लाख र निजी क्षेत्रमा दुई खर्ब ५४ अर्ब तीन करोड २५ लाखको क्षति भएको छ ।

राष्ट्रिय योजना आयोगका सदस्य अर्जुनजंग थापाले आवश्यक लगानी जुटाउन सहज हुने बताए । 'जलविद्युत्मा अधिकांश निजी आयोजना छन् । उनीहरूको बिमा पनि छ, केही रकम बिमाबाट आउँछ । थप लगानी उहाँहरूले गर्न सक्नुहुन्छ । यद्यपि, सरकारले विनाब्याज ऋण दिने, लाइसेन्स अवधि बढाउनेलगायतका नीतिगत सहुलियत दिन सक्छ,' उनले भने, 'पर्यटन, यातायातमा पनि निजी लगानी नै आकर्षित हुन्छ । तर, निजी क्षेत्रलाई सहुलियत ऋण, नीतिगत प्रोत्साहन भने गर्नुपर्छ । यति भएपछि लगानी सहजै जुट्न सक्छ ।' यो बाढीले अर्थतन्त्र प्रभावित भएपछि ०७२ को भूकम्पको समयमा जस्तो भयावह नहुने बताए । तर, यसले राष्ट्रिय अर्थतन्त्रको वृद्धि प्रभावित बनाउने र स्थानीय स्थरमा गरिबी बढाउने उनको भनाइ छ ।

प्रतिवेदनअनुसार पूर्वाधार क्षेत्रमा सबैभन्दा धेरै सार्वजनिकतर्फ एक खर्ब १९ अर्ब ५१ करोड ६५ लाख र निजी क्षेत्रमा ५४ अर्ब ४८ करोड ७२ लाख रूपैयाँ गरी एक खर्ब ७४ अर्ब ३६ लाखबराबरको क्षति पुगेको छ । पूर्वाधार क्षेत्रमा पुनर्स्थापनाका लागि भने तीन खर्ब ८२ अर्ब ८३ करोड ५१ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ ।

पूर्वाधारअन्तर्गत ऊर्जा परियोजनामा मात्रै एक खर्ब ३२ अर्ब ८३ करोड सात लाख रूपैयाँको क्षति भएको छ । सार्वजनिक (सरकारी) ऊर्जा परियोजनामा ८२ अर्ब ७९ करोड ४२ लाख र निजीमा ५० अर्ब तीन करोड ६५ लाख रूपैयाँको क्षति भएको तथ्यांक छ । ऊर्जा पूर्वाधारको पुनर्स्थापनाका लागि दुई खर्ब १८ अर्ब ५८ करोड ९५ लाख चाहिने प्रतिवेदनमा उल्लेख छ ।

बाढीले सञ्चालनतर्फ रसुवागढी (१११ मेगावाट), सान्जेन (७८ मेगावाट), माथिल्लो त्रिशूली थ्री ए (६० मेगावाट), तल्लो सान्जेन (४२.५ मेगावाट), त्रिशूली (२४ मेगावाट), एनइए सोलार (२५ मेगावाट), चिलिमे (२२.१ मेगावाट), लाङटाङ (२० मेगावाट), माथिल्लो सान्जेन (१४.८ मेगावाट), माथिल्लो मैलुङ (१४.३ मेगावाट), देवीघाट (१४.१ मेगावाट) र मैलुङ खोला (५ मेगावाट) परियोजना प्रभावित भएका छन् ।

निर्माणाधीनतर्फ माथिल्लो त्रिशूली १ (२१६ मेगावाट), रसुवा भोटेकोशी (१२० मेगावाट), सुपर त्रिशूली (१०० मेगावाट), माथिल्लो मैलुङ ए (६.४२ मेगावाट), माथिल्लो त्रिशूली ३ बी (३७ मेगावाट) र मध्य त्रिशूली गंगा (१५.६२ मेगावाट) बाढीबाट प्रभावित भएका छन् ।


सवारीसाधनसहित यातायात पूर्वाधारमा ३० अर्ब ४५ करोड २५ लाख रूपैयाँ क्षति भएको छ । त्यसमा सार्वजनिक क्षेत्रका पूर्वाधारमा २६ अर्ब ३३ करोड १० लाख रूपैयाँ र निजीतर्फ चार अर्ब १२ करोड १५ लाख रूपैयाँको क्षति भएको छ । यातायाततर्फ पुनर्स्थापनाका लागि ५८ अर्ब ५९ करोड ९७ लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ ।

बाढीले त्रिशूली करिडोरमा रहेका सयौँ गाडी तथा ८२ किमि लामो गल्छी-रसुवागढी सडकको ४० किमि सडकमा क्षति पुर्याएको छ । यसैगरी, ४२ वटा पक्की पुल नै बगाएको थियो । यस्तै, सिँचाइ क्षेत्रमा तीन अर्ब ७१ करोड ९५ लाख रूपैयाँ क्षति भएको बताइएको छ । त्यसमा पुनर्स्थापनाका लागि भने ९४ अर्ब ६० करोड ६३ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ । सञ्चार क्षेत्रमा ५२ करोड ७४ लाखको क्षति हुँदा पुनर्स्थापनामा ५६ करोड ८३ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ ।

उत्पादनशील क्षेत्रमा एक खर्ब ३६ अर्ब ७७ करोड ५९ लाख रूपैयाँको क्षति भएको छ । त्यस क्षेत्रको पुनर्स्थापनामा भने एक खर्ब ४५ अर्ब ७७ करोड ५९ लाख चाहिने उल्लेख छ । कृषि, वन तथा माछापालनमा तीन अर्ब ५३ करोड १७ लाखको क्षति हुँदा पुनर्स्थापनामा चार अर्ब ८१ करोड ९३ लाख आवश्यक पर्ने देखिएको छ । वाणिज्य तथा आपूर्ति क्षेत्रमा २२ अर्ब ३४ करोड ५३ लाखको क्षति हुँदा पुनर्स्थापना गर्न २२ अर्ब ९८ करोड ९४ लाख चाहिने भएको छ । उद्योग क्षेत्रमा भने ४३ करोड ९० लाख रूपैयाँको क्षति भएको छ । त्यस क्षेत्रको पुनर्स्थापनाका लागि चार अर्ब नौ करोड ४८ लाख रूपैयाँ आवश्यक पर्ने प्रतिवेदनमा उल्लेख छ । यसैगरी, पर्यटन क्षेत्रमा ४२ अर्ब ४७ करोड ८० लाख रूपैयाँको क्षति हुँदा पुनर्स्थापनामा ४८ अर्ब ६५ करोड ६७ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ । वित्तीय क्षेत्रमा भने ६५ अर्ब तीन करोड नौ लाखको क्षति भएकोमा पुनर्स्थापनाका लागि ६५ अर्ब २१ करोड ५७ लाख चाहिने प्रतिवेदनमा उल्लेख छ ।

सामाजिक क्षेत्रमा ३९ अर्ब ८६ लाख रूपैयाँको क्षति भएको र पुनर्स्थापनाका लागि ५७ अर्ब ७७ करोड १७ लाख आवश्यक देखिएको छ । त्यसमा आवास तथा बस्तीमा ३१ अर्ब ५७ करोड ७० लाखको क्षति भएमा पुनर्स्थापना तथा पुनर्निर्माणमा भने ४८ अर्ब १४ करोड ८० लाख आवश्यक पर्ने प्रवितेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार शिक्षामा पाँच अर्ब दुई करोड ९६ लाख रूपैयाँको क्षति भएको छ, यसको पुनर्स्थापनाका लागि भने ६ अर्ब एक करोड ६६ लाख आवश्यक देखिएको छ । त्यस्तै, सांस्कृतिक सम्पदामा भने एक अर्ब ८६ करोड ३९ लाख रूपैयाँबराबरको क्षति भएको छ । त्यसको पुनर्स्थापनामा भने तीन अर्ब १८ करोड २८ लाख रूपैयाँ आवश्यक पर्ने देखिएको छ ।

नेपालमा एउटा धर्मयुद्धको खाँचो



• राजन कार्की
rajan2012karki@yahoo.com

नैतिक राजनीति, नैतिक समाज हुन्न भने कानुनव्यवस्था नाङ्गिएको हुन्छ । भ्रष्टाचारी, अपराधी, नैतिकहरु छाडा भएका हुनछन् । स्थापित राजनीति, शासनव्यवस्था देश र जनताप्रति बेइमान बनेकाले तिनीहरूलाई दण्डित गर्नैपर्छ, तवमात्र सभ्यसंस्कृतिको सुरूआत हुनसक्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

यतिबेला समाजका अगुवा, विचारक, नागरिक समाज, राजनीति, शासक र प्रशासक सबैतिर जिम्मेवारी लिने र जवाफदेही हुने मान्यता खलबलिएको छ । बालहत्या, बलात्कार, भूमाफिया, कमिशनतन्त्र, भ्रष्टाचारका अनेक घटनाक्रमका दोषीमाथि कारवाही नै हुँदैन । कानुन खोक्रो लाग्छ, प्रशासन कर्मकाण्डी देखिन्छ, स्थिति बिस्फोटक र अराजक छ, यो स्थितिलाई विधिले बाँध्न जरूरी छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

आन्तरिक एकता बलियो थियो, बाह्य असंलग्न र पञ्चशीलको नीति मजबुत थियो । नेपाल शान्तिक्षेत्रका रूपमा परिचित थियो । बुद्धको महत्व बढेको थियो । विश्व र प्रत्येक मानिसमा असन्तुष्टि र तनाव बढ्दो छ, यो तनावलाई साम्य पार्न पनि बुद्धको जन्मभूमिको महिमा बढाउन सकिन्थ्यो । सगरमाथाको सुन्दरता, प्रकृतिको बास भएको मुलुकमा प्रकृति देखाएर, बुद्धत्व जगाएर देश र जनतामा खुशहाली ल्याउने आर्थिक उन्नति गर्न सकिन्थ्यो । बहुदल बहुलाजस्तो बनेर सकियो, लोकतन्त्र जोकतन्त्र बन्यो । बौद्धिक समाजसमेत अवसरवाद र स्वार्थको दास मनोबृत्तिमा रमाउन थालेपछि देश लथालिङ्ग हालतमा पुगेको हो । वीरको देश, पुर्षाको वीरताले निर्माण गरेको देशमा विधिको लक्ष्मणरेखा खिच्नैपर्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

पञ्चायतले बिगान्यो, राजतन्त्रले सिध्यायो, पञ्चायत र राजतन्त्र फालेपछि नेपाल उज्यालो हुन्छ, समानता र न्यायपूर्ण समाज आउँछ, सर्वहाराले सुखैसुख पाउँछन्, गरीवसँग गाँस बास कपास हुनेछ । सबै समस्या समाधान हुनेछन्, देशमा उज्यालै उज्यालो हुनेछ भनेर सपना बाँडियो । बहुदलको कालखण्ड कालरात्रि बनेर सकियो, त्यसपछि लोकतन्त्र आयो, गणतन्त्र आयो, पञ्चायतपछि राजतन्त्र र हिन्दुराष्ट्र समाप्त पारियो, लोकतन्त्रको १७ वर्ष औंशीको रातजस्तो अँध्यारोमात्र भयो । उज्यालो कतै देखिएन । जति पनि लोकतान्त्रिक, गणतान्त्रिक नेता हुँ भन्थे, ती सबै कुनै नै कुनै नातावाद, भ्रष्टाचार, अपराध, नीति-सिद्धान्तहीन, नैतिकहीन सावित भए । देश र जनता हुनै नहुने नेतातन्त्रको बाहुबलीतन्त्र भोगिरहेको छन् । बाहुबलीतन्त्रको ठाउँमा बिधितन्त्र ल्याउनुछ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

शहिदले छातीमा तातो गोली थापेर परिवर्तन ल्याएका थिए । राज्यले शहिद बनाउने क्रम रोकेन । गत भदौ २३ र २४ गते त निरंकूश लोकतन्तवादीहरूले बालबालिकाहरूलाई समेत शहीद बनाए । नरसंहारकारी नेताहरूको जुन बेहाल भदौ २४ को बिद्रोह र फागुन २१ को निर्वाचनमा देखियो, यसबाट जनताको विवेक र वीरता एकपल्ट फेरि शिद्ध हुनपुगेको छ । जनताको फागुन २१ को चुनावमा जुन मौन आक्रोश परिणाममा देखियो, यसबाट लोकतन्त्र, गणतन्त्रको १७ वर्षे कालखण्ड र बहुदलपछिको ३७ वर्षको अवधिमा जो जो सत्तामा पुगेका थिए, तिनले बाँचुन्जेल जुका बनेर देश र जनताको रगत त चुसे, ढाडिए, मर्दा तिनले मलामी पनि पाउने सम्भावना देखिदैन । यस्ता राजनीतिक अपराधीलाई फर्कनै नसक्नेगरी राजनीतिबाट डाँडा कटाउनुछ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

कुनै नेता मर्दा जनताले आँसु बगाउन्, श्रद्धाले फूल चढाएर श्रद्धाञ्जली दिउन्, त्यस्ता नेता ०४६ सालपछि एक्का दुक्कामात्र देखिए । जसलाई जनताले श्रद्धा गर्छन्, ती हुन्छन्- राजनेता । नेपालमा भ्रष्ट नेता धेरै भए, राजनेता बन्न कोही तैयार भएनन् । यसकारण त विदेशीले नेपाली नेताहरूलाई 'फ्रड' भनेर घृणा गरेका हुन् । लोकतन्त्रको पाखण्डले अति गऱ्यो, रत्नाकर पार्टी पार्टीमा कति छन् कति, कुनै पनि रत्नाकर नेता बाल्मिकी बन्न प्रेरित भएनन् । रत्नाकरहरूलाई जनताले पटक पटक दूध पिलाए, रत्नाकरहरूले दूध होइन, जनताको रगत नै चुसे । जुकालाई मिल्काउनु थियो, मिल्काए । अवस्था सुधार्नु छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

देश ब्रम्हनालमा पुगिसकेको थियो । देशको अस्तित्व संकटमा पार्ने यिनै लोकतन्त्र र गणतन्त्रवादी थिए । यिनलाई जनताले सहनु सहे, दिनसम्म अवसर दिएकै हुन् । ०४६ सालदेखिको बहुदल र लोकतन्त्रकालमा पटक पटक चुनाव जिताएर अव त केही गर्छन् कि, अव त सुधिएलान् कि भनेर मौकापछि मौका दिएकै हुन् । मौकालाई यी नेताहरूले स्वार्थशिद्ध गर्न चौका हाने । देशघातक, जनविश्वास घातक बनेर पनि जनताबाट अझै समर्थन र सहयोग खोज्नेहरूलाई फागुन २१ मा जनताले मतादेशबाट दण्डित गरिदिएका छन् । तैपनि यी नेताहरु आफूलाई मरेको अनुभव गर्दैनन् । राजनीतिमा मरिसकेपछि पनि जिउँदै छु भन्ठान्नेहरु आफै सपनामा छन् । यिनको होस ठेगानमा ल्याउन तिमीहरु कलंकित भइसक्यौ भन्ने बुझाउन र मान्छे जिउँदै पनि मर्छ भन्ने हेक्का दिलाउनुपर्छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

इतिहासमा तक्षशीला समेत जितेका चक्रवर्ती राजा थिए अशोक । अन्तमा उनी लुम्बिनीमा आएर भिक्षु बने, अशोक स्तम्भ ठड्याए र बुद्धम् शरणम् गच्छामी भन्ने भजन गाउन थाले । बहुदल र लोकतन्त्र गणतन्त्रका शासक प्रशासकहरूले सम्पत्ति जिते, स्वार्थ जिते । अन्तमा जनताको घृणा भोग्नुपऱ्यो । नेपालीको मनले सराप्यो, नेपालीको आत्माले सराप्यो । यी नेताहरु नेता होइनन्, देश र जनताप्रति गद्धार हुन् । राजनीतिका अपराधी हुन्, श्रापित छन् । यी श्रापित हुन् भनेर यिनैलाई देखाउन जरूरी छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

राजनीति गर्ने वा जुनसुकै सचेत नागरिकले बुझ्नैपर्ने सत्य हो- स्वाभिमानले बाँच्छ देश । स्वाभिमानले उठ्छ नागरिक । देशलाई महाभारतको द्रौपदीको चीर हरण गर्ने दुर्योधनहरु जनताको नजरमा दयनीय छन् । सम्भ्रान्त बन्नका लागि आफैलाई गिराउनेहरूले बुझ्नैपर्छ, स्वराजको मूल्य पद, पैसा र प्रतिष्ठा होइन । पुर्षा र पुस्ताले सराप्ने यिनको कर्म कौरव कर्म हो । दुशासन चरित्र हो । नेपाली देशभक्त रहेछन्, फागुन २१ गते स्वराज जनताले स्वराज बचाउने सुरूआत गरेका छन् । यो स्वराजलाई उज्यालो राज बनाउनु छ ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

बहुदल त कालरात्रि बनिहाल्यो, त्यसपछि अग्रगमनको छलाङ् भन्दै ल्याइएको लोकतन्त्र-गणतन्त्रका शासक प्रशासकहरु राजनीतिक पातक बनेर देश र जनतामाथि घातक प्रहार गरिरहे । ७ वर्ष अघि नै भारतले नेपाली भूमि कालापानी, लिपुलेक, लिम्पियाधुरालाई भारतको नक्सामा हाल्यो, भारतीय भूमि भन्यो । पातक राजनीति र घातक प्रशासन जिब्रो तालुमा टाँसेर बसिरहे । उत्तर र दक्षिणको प्रभाव बढ्दो छ, पश्चिमाको चक्रव्यूह पनि चलेकै छ । नेपाल चक्रव्यूहको अभिमन्यू बनेर मर्न सक्दैन । चक्रव्यूह चिर्न नेतागणले नसके जनताको राष्ट्रवादले चिर्छ । नेपाली साह्रै राष्ट्रवादी छन् ।

यसकारण एउटा धर्मयुद्धको खाँचो छ ।

एउटा बिस्फोट भदौ २३ र २४ मा भयो । अर्को बिस्फोट फागुन २१ को निर्वाचनमा भयो । तेश्रो विस्फोट जनादेश र मतादेशले बनेको सरकारले गर्नुपर्छ । नेपालीको इतिहास गोर्खाली इतिहास हो । धारिलो खुकुरीको इतिहास हो । जनताले निकै भर गरेर बनेको यो सरकारले जनआशा पूरा गरेगर्छ, नगरे जनताको वीरताको खुकुरी फेरि चम्किनेछ । अहिलेलाई यत्ति भनौं- जनता जागेका छन्, नयाँ पुस्ता जागेको छ । यो जागरण नेपाल राष्ट्र जिवन्त छ भन्ने ज्यूँदो प्रमाण हो । यही प्रमाणले नेपाल बनाउनु छ ।

एउटा धर्मयुद्धको खाँचो छ ।



पढथ्यौ हाम्री बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

आफ्नै कारण रास्वपा र बालेन सरकार नै संकटमा

पछिल्लो समयमा रास्वपा र बालेन सरकारबीचमा केही विवाद उत्पन्न भएको छ । रास्वपाका वरिष्ठ नेता समेत रहेका प्रधानमन्त्री बालेन नेतृत्वको सरकारका काम कारबाहीलाई लिएर रास्वपाका सभापति रवि लामिछानेले नै सरकारको आलोचना गर्न थालेका छन् । सरकारले पत्रकारहरूको पक्राउ र सञ्चारगृहमै पुगेर धरपकड तथा प्रहरी महानिरीक्षकको हेरफेर गरेपछि सभापति लामिछानेले नै आलोचनात्मक अभिव्यक्ति दिएका छन् । सरकारका पछिल्ला काम कारबाही प्रति लामिछानेले रास्वपा विधिको शासनमा विश्वास गर्ने पार्टी भएको भन्दै सरकारका काम कारबाहीप्रति असन्तुष्टि जनाएका छन् । उनले सत्ता सञ्चालनमा अपरिपक्वता समेत दिनु नहुने धारणा राखेका छन् । सरकारले केही दिन अगाडि प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई हटाएर एआइजी डा. मनोज केसीलाई प्रहरी महानिरीक्षकमा बढुवा गरेकोमा समेत रास्वपा र सरकारबीचमा विवाद उत्पन्न भएको छ । सरकारले पार्टीको निर्देशनुसार प्रहरी महानिरीक्षकलाई हटाएको बताएको भएपनि रास्वपाले भने पार्टीले सरकारलाई त्यस्तो निर्देशन नदिएको बताएपछि पार्टीभित्रको विवाद सकडमै छताछुल्ल भएको छ ।

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि असम्वैधानिक रुपले संसद विघटन भयो । सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीको नेतृत्वमा सरकार गठन गरियो । त्यही कार्की सरकारले २०८२ फागुन २१ गते संसदको निर्वाचन गराएकोमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको थियो । काठमाडौं महानगरका तत्कालिन मेयर रहेका बालेन साह २०८२ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको विध्वसात्मक कार्यमा प्रत्यक्ष रुपमा संलग्न नदेखिएको भएपनि उनी अप्रत्यक्ष रुपमा संलग्नरहेका थिए भने जेनजीहरूलाई निर्देशन दिईरहेका र उनी महानगरका मेयर रहँदा उनको सल्लाहकार टिममा रहेका प्रायः सबै व्यक्तिहरू भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गतेको घटनाका संलग्न रहेका प्रमाणहरू सार्वजनिक भएका छन् । तर उनीहरू कसैमाथि पनि अनुसन्धान र छानविन नै भएन/गरिएन ।

२०८२ पुसमा बालेन साह सहितका उनी पक्षीय केही व्यक्तिहरू रास्वपामा प्रवेश गरेका थिए त्यस मध्येका हालका गृहमन्त्री समेत रहेका सुधन गुरुङ समेत थिए । सुधन गुरुङ तिनै व्यक्ति हुन् उनले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा आफू पानी बाँड्न मात्र आएको र आफू कुनै पार्टीको नेता तथा कार्यकर्ता नभएको सार्वजनिक रुपमै बताएका थिए । तर तिनै गुरुङले भाद्र २३ गते जेनजीहरूले विरोध प्रदर्शन गर्ने भन्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा लिखित निवेदन दिएका हुनाले विरोध प्रदर्शनका लागि अनुमति दिएको थियो । त्यही बेला नै गुरुङले ढाँटेर आफ्नो असुली अनुहार बाहिर देखाएका मात्र थिएनन् उनले एम्बुलेन्स, औषधि सम्मको व्यवस्था त्यसबेला गरेका हुनाले त्यहीबाट षड्यन्त्र भएको प्रष्ट हुन्छ । सो घटनाको छानविन गर्न गठन गरिएको गौरी बहादुर कार्की नेतृत्वको आयोगले समेत गुरुङमाथि छानविन र अनुसन्धान हुनुपर्ने आफ्नो प्रतिवेदनमा उल्लेख गरेपनि सो प्रतिवेदन सार्वजनिकसम्म नगरी बालेन सरकारले लुकाएको छ ।

भाद्र २३ र २४ गतेको घटनामा प्रत्यक्ष/अप्रत्यक्ष संलग्न रहेकाहरू प्रायः सबै रास्वपामा प्रवेश गरेका थिए । बालेन पक्षका धेरै व्यक्तिहरू र बालेन मेयर रहँदा उनको सल्लाहकारमा रहेर काम गरेका प्रायः सबैलाई बालेनले नै आफैँसँगै रास्वपामा प्रवेश गराएको र फागुन २१ गतेको निर्वाचनमा टिकटसम्म दिलाएका हुनाले उनीहरू प्रायः सबै निर्वाचित भएका सांसद र मन्त्रीसमेत बनेका छन् । बालेन नेतृत्वको सरकारमा सभापति रवि लामिछाने पक्षका भन्दा बालेन पक्षका सांसदहरू बढी मात्रामा मन्त्री भएकाले गर्दा सरकारले वा प्रधानमन्त्री बालेनले पार्टीको निर्देशनलाई उल्लंघन गर्दै एकलौटी रुपमा सरकार सञ्चालन गरिरहेको आरोप रवि पक्षीय सांसदहरूले लगाएका छन् । यसरी षड्यन्त्रै षड्यन्त्रको रुपमा जन्मिएको बालेन सरकार पछिल्लो समयमा मात्र नभएर बालेन प्रधानमन्त्रीमा नियुक्त भएकै दिन २०८२ चैत्र १३ गते देखि नै प्रतिशोधको राजनीतिमा लागेको हुनाले प्रतिशोधको राजनीतिको अन्त्य पनि प्रतिरोधबाटै हुने निश्चित जस्तै देखिएको छ ।

पछिल्लो समयमा रास्वपा नेतृत्वको बालेन सरकारले पार्टीको निर्देशनलाई समेत उल्लंघन गर्दै आएको आरोप सभापति लामिछाने पक्षीय नेता तथा कार्यकर्ता र सांसदहरूले लगाउन थालेका हुनाले प्रधानमन्त्री बालेनले आ आफ्नो हैसियत अनुसार अघि बढ्नुपर्ने र देश बचाउने र पार्टी बनाउने कार्य अलग अलग हुन् भन्ने स्टाटस लेखेपछि पार्टी र सरकारबीचको द्वन्द्व बाहिर आएको हो । पार्टी सभापति लामिछानेले हालै दिएका अभिव्यक्तिहरू हेर्दा पार्टी र सरकारबीच केही असमझदारी बढेको प्रष्ट रुपमै देखिन्छ ।

प्रहरी महानिरीक्षक हेरफेरको विषयमा समेत पार्टी र सरकारबीचको भनाई बाझिएको थिए । सरकारका प्रवक्ताले पार्टीले समेत प्रहरी महानिरीक्षक परिवर्तन गर्न भनेको थियो भने बताएपछि पार्टी प्रवक्ताले त्यस्तो निर्देशन पार्टीले सरकारलाई नदिएको बताएकाले सरकार र पार्टीबीचको द्वन्द्व बाहिर ल्याईदिएका छन् । सरकारले गर्ने गरेका प्रायः सबै नियुक्ति, सरुवा, बढुवाहरू विवादको घेरामा परेका छन् । विवादास्पद व्यक्तिहरूलाई राजदूतका लागि प्रस्तावित गरिनु लुम्बिनी विकाश कोषका उपाध्यक्षमा विवादास्पद आनि छोइमा डोल्मालाई नियुक्ति गरिनु, कर्मचारीतन्त्रमा हस्तक्षेप गरेर निजामति कर्मचारीहरूलाई अपमान गरिनु, सम्वैधानिक निकायमा प्रमुख र सदस्यहरूलाई राजिनामा दिन दवाव दिनु, भ्रष्टाचार गरेको भन्दै कर्मचारीहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयमा लगेर सोधपुछ गरिनु यी सबै कार्यहरू असम्वैधानिक भएकाले बालेन सरकारकाले यस्तै रवैया रहिरहेको खण्डमा सरकारको आयु लामो हुन सक्ने सम्भावना नै देखिँदैन । त्यसैले आफैँले खनेको खाल्डोमा बालेन सरकार आफैँ पर्न सक्ने सम्भावना बढेको हामीले महसुस गरेका छौं ।

प्रहरीलाई यसरी बनाइन्छ सत्ताको ढाल

श्रीप्रसाद प्रसाईं

जनसेवामा अहोरात्र खटिने, आपत्विपत्को साथी सहयोगी बन्ने, अपराध नियन्त्रण गरी समाजमा शान्ति स्थापित गर्ने राज्यको निकाय हो नेपाल प्रहरी । यस्ता कार्य प्रहरीले कसरी गर्नुपर्छ भन्ने मापदण्ड र अख्तियारी कानुनले नै निर्धारण गरिदिएको छ । प्रहरीले गर्ने व्यावसायिक कार्यमा कोही कसैबाट अवरोध पुर्याउनुहुँदैन । यस क्रममा राज्यले प्रहरीलाई कार्य गर्ने अनुकूल वातावरण बनाइदिनुपर्छ । प्रहरीले आफ्नो पेसागत कार्य निःस्वार्थ, स्वच्छ, कानुनसम्मत र पारदर्शी ढंगले गरेको छ कि छैन, त्यसको अनुगमन गर्ने दायित्व सरकार र आमनेपाली नागरिककै हो । प्रहरीको कार्य सम्पादनमा अवरोध पुगे त्यसको प्रत्यक्ष असर सेवाग्राही नागरिकमा पर्ने कुराप्रति राज्य संवेदनशील हुनुपर्छ । प्रहरीले बदनियतपूर्ण कार्य गरेको पाइए तत्काले कारबाहीको दायरामा ल्याउनुपर्छ । यस्तो अवस्थामा प्रहरी आलोचित हुँदैन ।

भर्खरै जिम्मेवारीबाट हटाइएका आइजिपी दानबहादुर कार्की विवादास्पद पृष्ठभूमिकै व्यक्ति हुन् वा उनलाई विवादास्पद बनाइएको हो ? अहिले यो सार्वजनिक चर्चाको विषय बनिरहेको विदितै छ । यसको वास्तविकता सरकारले मात्र होइन, आमनेपालीले नै केलाइरहेकै छन् । राज्यका अन्य निकायका पदाधिकारीको तुलनामा नेपाल प्रहरीका अधिकारी बढी विवाद र चर्चामा आउनुको रहस्य नेपाल प्रहरी आफैंमा राजनीतिक प्रभावबाट पीडित बनेकै कारणले हो । यो सुन्दा कतिपयलाई आश्चर्य लाग्न सक्ला । हाम्रो समाजकै उत्पादन भएकाले केही प्रहरी कर्मचारी नितान्त निजी स्वार्थ, कार्यशैली, व्यवहार र लालचले आलोचित बन्न सक्छन्, तर सिंगो प्रहरी संगठन आफैंमा विवादित बन्दैन । कतिपय राजनीतिक व्यक्तिकै स्वार्थ र संरक्षणमा परिचालित तस्कर, भ्रष्ट अपराधी एवं बिचौलियाकै कारण विगतदेखि नै नेपाल प्रहरीलाई विवादास्पद बनाई राजनीतिक व्यक्ति सुरक्षित बन्दै आएका छन् ।

वास्तवमा नेपाल प्रहरी नकावधारी राजनीतिक अपराधीको ढाल होइन । तर, अहिले मात्र होइन, विगत तीन दशकदेखि नै यो प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । आलेखले यही प्रसंगलाई चर्चाको विषय बनाएको छ । प्रहरी अधिकारीलाई ढाल बनाई राजनीतिक अपराधको मार्गप्रशस्त गर्ने कुटिल उद्देश्यले नेपाल प्रहरीमा सर्वप्रथम हस्तक्षेपको बीजारोपण २०४९ सालमै भएको थियो । त्यसयता अहिलेसम्म नै यो प्रवृत्ति पूर्ण रूपमा निर्मूल हुन सकेको छैन । २०४९ सालसम्म नेपाल प्रहरी विशुद्ध राजनीतिक एवं आपराधिक प्रभावबाट मुक्त थियो । त्यसवेला प्रहरी कर्मचारीको कार्यदक्षता मापनकै आधारमा पदस्थापना, सरूवा, बढुवा हुन्थ्यो । कार्यदक्षताकै आधारमा आइजिपी बन्ने पछिल्लो व्यक्ति हेमबहादुर सिंह थिए । हुन त सिंह तत्कालीन एआइजिपी रत्नशमशेर जबराभन्दा जुनियर थिए । तथापि, उनलाई कार्यदक्षताकै आधारमा डिबी लामाको अवकाशपछि २०४३ सालमा आइजिपी बनाइएको थियो ।

पहुँच र प्रभावको आधारले सिंहभन्दा जबरा शक्तिशाली थिए । जबरा बडामहारानी ऐश्वर्यका दाजु र राजा वीरेन्द्रको मामलीतर्फका नाताबाट भिनाजु नै थिए । तर, एआइजिपी जबरालाई चारवर्षे कार्यकाल समाप्त भई सिंह २०४७ जेठ ३१ मा अवकाश भएपछि आइजिपी बनाइएको थियो । २०४७ को आंशिक राजनीतिक परिवर्तनको असर नेपाल प्रहरीमा पनि पर्यो ।

आइजिपीको कार्यकाल पूरा हुनुअगावै केवल दुई वर्षमै ३० वर्षे सेवाहद लागू गराई जबरालाई अवकाश दिलाई आफू आइजिपी बन्ने षड्यन्त्र मोतीलाल बोहराले रचे । बोहरालाई यस कार्यमा तत्कालीन गृहमन्त्री शेरबहादुर देउवाले साथ दिए । स्मरण रहोस्, देउवाकै सुनियोजित योजनाअनुसारै बोहरा अघि बढेका थिए । यसलगत्तै आइजिपी जबरालाई थाहै नदिई गृहमन्त्री देउवाले ३० वर्षे सेवाहद लागू गरी प्रहरी नियमावली नै संशोधन गरेर २०४९ फागुन १५ मा आइजिपी जबरालाई अवकाश दिलाई सोही दिन बोहरालाई आइजिपी बनाएका थिए । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि त्यसमा मौन सहमति दर्शाएका थिए । नेपाल प्रहरीको संगठनात्मक एकतामा विखण्डनको बीजारोपण गरिएको र राजनीतिक व्यक्तिको कठपुतली बनाउन प्रारम्भ भएको घटना यही थियो ।

जबराको अवकाशकै दिन उनीप्रति सहानुभूति राख्ने प्रहरीहरु 'इमानदार प्रहरी' र आइजिपी बोहराको पछि लाग्ने प्रहरी 'चाकरीदार प्रहरी'का रूपमा भावनात्मक रूपमै अप्रत्यक्ष विखण्डित भएका थिए । अझै यो घटनाको मार्मिक पक्ष त के थियो भने आइजिपी जबराले छोराको विवाह आइजिपी निवास नक्सालबाटै हुने भनी अतिथिलाई निमन्त्रणा कार्ड बाँडिसकेका थिए । विवाहको दिन आउन पाँच दिन मात्र बाँकी थियो । आइजिपीबाट अवकाश पाएपछि नक्सालस्थित निवासबाट जबरा निस्कनुपर्यो । कल्पना गरौं, त्योभन्दा मार्मिक पक्ष जबराका निम्ति अरु के हुन सक्थ्यो ?

आइजिपी बोहरा यतिमा मात्रै चुप बसेनन् । त्यसपछि बोहराले आइजिपीभन्दा माथि डाइरेक्टर जनरल अफ पुलिस (डिजिपी) पद स्थापना गरी सो पदमा थप चार वर्ष पदासिन हुने लालसा राखेका



थिए । यस क्रममा बोहराले आफ्नो चारवर्षे कार्यकाल पूरा हुनुअगावै वा २०५३ फागुन १५ भन्दा पहिल्यै पुनः ३० वर्षे सेवा खारिज गरी डिजिपी बन्ने उद्देश्यले प्रक्रिया अगाडि बढाएका थिए । तर, यसै समयमा लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ सरकार गठन भएपछि बोहराको दोस्रो षड्यन्त्र विफल भयो र उनी २०५३ फागुन १५ मा अवकाश भए ।

आइजिपी बोहराको कार्यकालमा नेपाल प्रहरी त सत्ताको औजारै बन्यो । यही समयदेखि प्रहरीलाई ढाल बनाएर राजनीतिक अपराधी सलबलाउँदै आए । बोहराको अवकाशपछि अच्युतकृष्ण खरेल आइजिपी भए । बोहराले सत्ताको ढाल बनाएको प्रहरीलाई खरेलले प्रारम्भबाटै सुधार्ने प्रयत्न नगरेका होइनन् । तर, आइजिपी खरेलको सुधारवादी कदमको बाधक परिवर्तित सरकारका गृहमन्त्री वामदेव गौतम नै बनिदिए । तत्कालीन संयुक्त सरकारमा गौतम एमालेको तर्फबाट गृहमन्त्री बनेका थिए । गृहमन्त्री गौतमले आइजिपी बोहरालाई दिने गरेकोजस्तै गैरकानुनी ठाडो निर्देशन आइजिपी खरेलले ठाडै इन्कार गरेकै कारण पाँचै हप्तामा वा २०५३ चैत २१ मै खरेललाई पदबाट हटाई एआइजिपी ध्रुवबहादुर प्रधानलाई आइजिपी बनाएका थिए । तर, नौ महिनापछि खरेललाई नै सर्वोच्च अदालाले आइजिपीमा पुनर्स्थापित गराएको थियो ।

आइजिपी खरेलको अवकाशपछि त नेपाल प्रहरीका उच्चपदस्थ अधिकृत र सत्तासिन नेताबिच पारस्परिक स्वार्थको विनिमय नै प्रारम्भ भयो । त्यसलाई दलीय शीर्षस्थ नेता र प्रधानमन्त्रीले नै मौन सहमति दिएको देखियो । यही पृष्ठभूमिबाट मौलाउँदै आएको स्वार्थकै 'टार्गेट' बनेर अर्थनबर्थको सुरक्षा सल्लाहकारमा थन्किन पुगेका छन्, पूर्वआइजिपी दानबहादुर कार्की ।

करिब तीन दशकपहिले प्रहरीमा भित्रिएको राजनीतिक हस्तक्षेपले अहिलेसम्म प्रहरीको नयाँ भर्नादेखि पदस्थापना, सरूवा, बढुवा, तक्मा पुरस्कार, वैदेशिक सेवा, विशेष सुविधासम्म प्रभावित बनाउँदै ल्याएको छ । त्यसपछि प्रहरी कर्मचारीको कार्यक्षमताको स्तर सिफारिस गर्ने नेताको स्तर र प्रभावसँग जोडेर मूल्यांकन गर्ने परिपाटी बस्दै आयो । हेभिवेट नेताको सिफारिस कमजोर प्रहरीको उत्कृष्ट योग्यता ठानियो । आपराधिक घटना हुँदा पीडित र पीडक के कुन पक्षका हुन् नबुझी प्रहरीलाई घटनास्थल पुग्न असहज बन्न थाल्यो । अभियुक्त सत्तासम्बद्ध व्यक्ति भए नेताको आदेशबेगर पक्राउ गर्न नसकिने अवस्था सिर्जना गरियो । अनुसन्धान स्थानीय राजनीतिक वातावरणअनुकूल नै गर्नुपर्ने बाध्यता भयो । सर्वसाधारण नागरिक भने प्रहरीको यस्तो कार्यशैलीप्रति रूष्ट बन्दै आए । नेता संरक्षित प्रहरीले अहिले पनि हालिमुहाली गरिरहेका छन् । इमानदार प्रहरी पछि परिरहेका छन् । आइजिपीलाई नै घुमाउने भएकाले त्यस्ता चाकरीदार प्रहरी आइजिपीको नियन्त्रणमा रहँदैनन् । नियन्त्रण गर्न खोजे उतिखेरै आइजिपीउपर नै प्रश्न उठ्न सक्छ ।

कतिपय सत्तासिन व्यक्तिले पनि प्रहरी संगठनभित्र आफ्नो पहुँच मजबुत बनाउने कार्यलाई बढावा दिँदै आएका छन् । कार्यक्षेत्रमा खटिने तल्लो तहका अधिकृत जवान आकर्षित गराउन उनीहरुको गुनासो सुन्ने 'हेडक्वार्टर जाऊ हाम्रो फलानो तहको अधिकृत फलानालाई भेट । म भनिदिन्छु, तिम्रो काम बन्छ' भनी आश्वस्त पार्ने शब्द त विगतमा सत्तासिन मन्त्रीकै मुखबाट निस्कन्थे । यस्तै नेताको चाकरीदार प्रहरीबाटै प्रहरीभित्र भएका काम कार्यको विवरण मात्र होइन, प्रहरीको भावी कार्ययोजना नै बाहिर पुग्दै आएको छ । आइजिपी पदबाट हटाएर 'सरूवा' गरिएका कार्कीले आवश्य नै यस्तो अनुभूति गरेको हुनुपर्छ ।

लोकतन्त्र स्थापित भएपछि त राजनीतिलाई आर्जनकै पेसा बनाइयो । नेताहरु पनि अपराधीकै इसारामा परिचालित हुन थाले । आपराधिक प्रवृत्तिले सीमा नाघ्यो । यसै अवधिमा संयुक्त सरकारमा सामेल भएका व्यक्ति पनि प्रहरी र राज्य प्रशासनमा रहेका उच्चपदस्थ पदाधिकारीलाई आफूनिकट बनाउन प्रतिस्पर्धात्मक रूपमै लागिपरे । यसै अवधिमा ठुला भ्रष्टाचारका घटना भए । नेपाल प्रहरीका चार-पाँचजना आइजिपी नै भ्रष्टाचारमा मुछिए । कतिले जेल सजाय नै भोगे । कतिले धरौटीमा छुटी मुद्दाको सामना गरे । न्यायमूर्ति वा उच्चपदस्थ नेता पनि कतिपय काण्डमा मुछिए । तर, उनीहरु भने बिरलै मात्र कानुनको कठघारामा तानिए । तर, प्रहरीका चार-पाँचजना आइजिपी नै कारबाहीमा पर्नुको कारण पनि नेताकै ढाल बनेर नै हो । कानुनले कसैलाई विभेद नगरे पनि यो यथार्थ कसैको नजरबाट छिपेको छैन ।

आइजिपी दानबहादुर कार्कीउपर लगाइएको आरोप यथार्थ हो वा अनर्गल आरोप मात्रै भन्ने कुरा भविष्यमा पुष्टि हुने नै छ । योभन्दा प्रहरीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्ने, नेताको पछि होइन, प्रहरी जनताको पछि लाग्ने संगठन बनाउने, प्रहरीको मनोबल उच्च गराउने, सिंगो संगठनको कामकारबाही पारदर्शी बनाउने तथा प्रहरीको संगठनात्मक एकता सुदृढ गर्ने कार्य बढी महत्वपूर्ण हो । यो अवस्था कायम राख्न समस्त प्रहरी अधिकृत र जवानका निम्ति आइजिपी नै सर्वोपरी हुनुपर्छ । नेताको इशारामा होइन, आइजिपीकै आदेशमा प्रहरी परिचालित हुनुपर्छ । सही तरिकाले प्रहरी परिचालित नगरे आइजिपीलाई सरकारले कारबाही गर्नुपर्छ । तर, कारबाहीका नाममा हुँदै नभएको पद सिर्जना गरेर 'सरूवा' गर्न भने बन्द गर्नुपर्छ । *-नयाँ पत्रिका*

खोइ गणतन्त्रलाई सबलीकरण गर्ने संस्थाहरू ?

सन्जिब हुमागाईं

ठूला राजनीतिक परिवर्तनसँग युगचेतना पनि स्वाभाविक रूपमा जोडिएर आउँछ । यस्ता परिवर्तनका पछाडि पनि युगचेतनाकै शक्तिको भूमिका हुन्छ । त्यसैगरी, राजनीतिक परिवर्तन संस्थागत हुने वा नहुने भन्ने विषयमा पनि त्यसपछि विकसित हुने युगचेतनाले नै निर्णायक भूमिका खेल्छ । यस्तो सन्दर्भमा फ्रान्सेली क्रान्तिपछि क्रान्तिको मर्मअनुरूप योगदान गर्न सक्ने शिक्षक, वैज्ञानिक तथा दार्शनिकहरु उत्पादन गर्ने उद्देश्यले स्थापित 'इकोल नोर्माल' र नेपालको विकासको सन्दर्भमा सधैं उदाहरणका रूपमा प्रस्तुत गरिने देशहरूका अनुभव तथा आजको हाम्रो आवश्यकताबारे चर्चा गर्नु यस आलेखको उद्देश्य हो ।

कुनै नयाँ विषय उठाउन खोज्नेबित्तिकै तत्काल अत्यन्तै रक्षात्मक भइहाल्ने र कुनै पनि विषयमा मन खोलेर अन्तरमनदेखि संवाद गर्न कन्जुस्याइँ गर्ने हाम्रो प्रवृत्तिलाई हेर्दा यस आलेखउपर पनि तीन वटा प्रश्न खडा हुने प्रारम्भिक अनुमान छ । पहिलो, अहिले नेपालका विश्वविद्यालयहरूमा त्यस्ता विषयको अध्ययन, अध्यापन र अनुसन्धान हुँदैन भनेको हो ? दोस्रो, के फेरि अर्को विश्वविद्यालय आवश्यक छ भन्ने औचित्य स्थापित गर्ने प्रपञ्च हो ? तेस्रो, व्यवस्था परिवर्तन हुनासाथ नयाँ संस्थाहरु खोल्दै जाने कि पुराना संस्थाहरूलाई नै सबलीकरण गर्दै जाने ? त्यस्तो कदापि होइन । अहिले भइरहेका सबै राम्रा प्रयासहरूलाई निरन्तरता दिँदै समाज र राजनीतिलाई नेतृत्व गर्न सक्ने अर्को पुस्ताका शिक्षाशास्त्री, समाजशास्त्री, राजनीतिशास्त्री, दर्शनशास्त्री, अर्थशास्त्री, मानवशास्त्री आदि उत्पादन गर्न एकीकृत, योजनाबद्ध र निर्णायक राष्ट्रिय कार्ययोजना निर्माण गरी त्यसको नतिजामुखी कार्यान्वयनमा ढिला नगरौं भन्ने सामान्य आग्रहमा मात्र सीमित भएर यस आलेखको मूल्यांकन गर्नु न्यायोचित होला । त्यसको नेतृत्व कुन संस्थाले कसरी गर्ने भन्ने विषयमा राय वा धारणा प्रस्तुत गर्नु यस आलेखको चासोको विषय पनि होइन । त्यसको निर्धारण गर्ने हैसियत स्तम्भकारसँग छ भन्ने पनि लाग्दैन । साथै, हरेक मुद्दामा 'एस' वा 'नो' मध्ये एउटा मात्र उत्तर छनोट गरेर विभाजित हुने बहसको शृंखलालाई निरन्तरता दिनु पनि यस आलेखको उद्देश्य होइन ।

'इकोल नोर्माल' हरू

इकोल नोर्माल फ्रान्सेली क्रान्तिपश्चात् फ्रान्सेली राष्ट्रिय महासभा (त्यस बेलाको सर्वोच्च विधायिकी तथा शासकीय निकाय) ले सन् १७९४ मा क्रान्तिको युगचेतनामा आधारित भएर अध्यापन गर्ने शिक्षक तथा दार्शनिकहरु उत्पादन गर्ने प्रमुख उद्देश्यले स्थापना गरेको उच्च शैक्षिक संस्था हो । मूलतः यो विश्वविद्यालयकै प्रकृतिको संस्था भए पनि यसलाई विशिष्टीकृत प्राज्ञिक संस्थाका रूपमा बुझ्नु अझ उपयुक्त हुन्छ । फ्रान्सको राजधानी पेरिसमा रहेको यसको नाम कालान्तरमा इकोल नोर्माल सुपेरियरमा परिवर्तन भए पनि सजिलोका लागि यो आलेखमा इकोल नोर्माल मात्रै भनिएको छ । यसका संस्थापकहरूको बुझाइ थियो- क्रान्तिपश्चात् उदाएको नयाँ गणतान्त्रिक फ्रान्सलाई नेतृत्व गर्न नयाँ सोच र चेतना भएका शिक्षक तथा दार्शनिकहरूको आवश्यकता हुन्छ । राजसंस्था वा कुलीन वर्ग भएकै कारण छनोट भएका नभई क्षमताका आधारमा देशभरबाट खुला प्रतिस्पर्धामार्फत छनोट भएका मेधावी व्यक्तिलाई त्यस्ता शिक्षक तथा दार्शनिकका रूपमा तयार पार्दा मात्र गणतन्त्र संस्थागत गर्न र क्रान्तिले परिकल्पना गरेको नयाँ फ्रान्स निर्माण गर्न सम्भव हुन्छ । खासमा, पुरानो राजसंस्था र धर्मको प्रभावबाट मुक्त बौद्धिक समुदाय निर्माण गर्नु नै यसको मूल उद्देश्य थियो भन्दा अतिशयोक्ति नहोला । फ्रान्सको १९औं र २०औं शताब्दीको बौद्धिक स्वर्णयुग निर्माण गर्दै विश्वव्यापी प्रभाव पार्ने एमिल दुर्खिम, हेनरी बर्गसाँ, जाँ-पल सार्त्र, रेमण्ड आरौं, सिमोन वेल, मिसेल फुको, पियरे बोरद्यु, ज्याक देरिदा र एमे सेजेरजस्ता विश्वप्रसिद्ध दार्शनिक, समाजशास्त्री, राजनीतिक चिन्तक तथा साहित्यकारहरु उत्पादन गरेर इकोल नोर्मालले आफ्नो औचित्य पुष्टि गरिसकेको छ । हाम्रो देशमा पनि फ्रान्समा जस्तै अर्को एउटा विश्वविद्यालय आवश्यक छ भन्ने तर्क प्रस्तुत गर्न उदाहरणका रूपमा इकोल नोर्मालको सन्दर्भ लिइएको कदापि होइन । खासमा, यस आलेखको परिकल्पना त हेर्मन हेस्सेको उपन्यास 'द ग्लास बिड गेम' मा परिकल्पना गरिएको 'कास्तालिया' जस्तै ज्ञानमा समर्पित एउटा विशिष्ट बौद्धिक समुदायको आवश्यकता अपरिहार्य भइसकेको छ भन्ने हो । हामीले आफैंलाई प्रश्न गर्न थालेको, आफ्ना विचार र पद्धतिमाथि कठोर प्रश्न उठाएको र सुस्केरा हाल्ने गरेको लामो समय भइसक्यो । यस क्रममा हाम्रा संवादमा परिकल्पित सामाजिक विश्लेषणहरु र हेस्सेले आफ्नो उपन्यासमा चित्रण गरेको असंगठित बौद्धिकताको युगबीच पनि धेरै समानता देखिन्छन् । यस्तो अवस्थामा, हामी आफैंलाई आँखा बिझाउने ज्ञान प्रणालीलाई बिदाइ गर्दै नयाँ युगको सुरूवात गर्ने विषयमा हामी धेरै सहमत छौं जस्तो लाग्छ । त्यस्तो नयाँ युगको परिकल्पना र निर्माणका लागि इकोल नोर्माल र कास्तालियालाई सन्दर्भ सामग्रीका रूपमा लिनु विभिन्न दृष्टिकोणबाट सहयोगी हुन्छ भन्ने तर्क मात्रै हो ।

टाढा युरोप र उपन्यासका काल्पनिक परिकल्पनाको विषय मात्रै होइन, एसियाका धेरै देशले उच्च शिक्षामा सुधार गरेर देशको मुहार फेरेका प्रशस्तै उदाहरण छन् । दक्षिण कोरियाका सोल, योन्से र कोरिया जस्ता विश्वविद्यालयमा विद्यार्थीहरूले भर्ना पाउँदा उनीहरूका विद्यालय, गाउँ र सहरमा ठूलाठूला ब्यानर राखेर बधाई दिने प्रचलन केही वर्षअघिसम्म अत्यन्तै प्रचलित थियो । झन्डै सयको हाराहारीमा विभाग र शैक्षिक कार्यक्रम रहेका यी विश्वविद्यालयका लगभग सबै विभाग र कार्यक्रम लोकप्रिय छन् । यस्ता विश्वविद्यालयहरूले विज्ञान र प्रविधिका क्षेत्रमा काम गर्न सक्ने सीपयुक्त जनशक्ति मात्रै उत्पादन गरेका छैनन्, समाज, राजनीति र अर्थतन्त्रको गहिरो विश्लेषण गर्न सक्ने, ती क्षेत्रमा जटिलता र चुनौती उत्पन्न हुँदा समाधानका विकल्प प्रस्तुत गर्न सक्ने तथा परिवर्तनलाई संस्थागत गर्न सक्ने नेतृत्वसमेत उत्पादन गरिरहेका छन् । यस्तो अनुभवका दृष्टिले सिंगापुर पनि धेरै कोणबाट दक्षिण कोरियासँग समानता राख्छ । अर्थात्, प्रगति गरेका हरेक देशहरु हेर्‍यो भने उनीहरूले आफ्नो अवस्थासँग मिल्ने इकोल नोर्माल, कास्तालियाहरु निर्माण गरेका छन् । राज्य त्यसमा उच्च तहको चेतसहित समर्पित छ ।

युगको चेतना

युगको चेतनालाई व्यवस्थित गर्ने र त्यसलाई आम नागरिकसम्म पुर्‍याउने कार्य नै यस्ता संस्थाहरूको प्रमुख कार्यादेश हो । खासमा, हाम्रोमा यो प्रमुख विषयको छलफलले न्यायोचित प्राथमिकता पाउन सकेको नै छैन । महान् सहिदहरु धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द र गंगालाल श्रेष्ठले सहादत प्राप्त गरेको सन् १९४० को दशकमा जहानियाँ राणा शासनको अन्त्य गर्नु नै त्यस युगको प्रमुख चेतना थियो । त्यसैगरी, समयक्रमसँगै विभिन्न चेतनाले हामीलाई यहाँसम्म डोर्‍याएर ल्याएका छन् । एउटै युगमा एउटै मात्र चेतना विद्यमान हुन्छ भन्ने पनि छैन । एउटै समयमा वर्ग, पुस्ता र क्षेत्रअनुसार प्रतिस्पर्धी चेतनाहरूको विकास हुन सक्छन् । तर जे होस्, हाम्रो समाज र राजनीतिलाई डोर्‍याउने चेतना के हुन् ? त्यसका स्रोतहरु के हुन् ? हाम्रो चेतना र अपेक्षाबीच कस्तो तादात्म्यता वा खाडल छन् ? इतिहासको कुन कालखण्डमा फरक युग चेतनाहरु विकसित भए ? यी प्रश्नबारे सार्वजनिक चिन्तनमा जति ऊर्जा, उत्साह र तत्परता देखाउनुपर्ने हो, त्यति देखाउन नसकिएको विषय भने कटु यथार्थ हो ।

जर्मन दार्शनिक फ्रेडरिक हेगेलले आफ्नो पुस्तक 'फिलोसपी अफ राइट' मा 'प्रत्येक व्यक्ति आफ्नो युगको सन्तान हुने र दर्शनशास्त्र पनि आफ्नो समयलाई विचारका माध्यमबाट बोध गर्ने प्रक्रिया भएको' तर्क गरेका छन् । अर्थात्, हामीले गर्ने संवाद र बहसले नै सम्बन्धित युगको स्वरूप र चेतनालाई प्रतिबिम्बित गरिरहेका हुन्छन् । विकासोन्मुख अवस्थाबाट विकसित देशको यात्रामा छलाङ मारेका मुलुकहरूले आफ्नो रूपान्तरणको प्रारम्भिक चरणमा राज्यले प्रवर्द्धन गरेको आत्मविश्वासपूर्ण युग चेतनामार्फत नागरिकहरूलाई मानसिक रूपमा सुसज्जित र सशक्त बनाएका हुन्छन् । कोरियाको विकासमा निर्णायक भूमिका खेलका राष्ट्रपति पार्कले प्रायः आफ्ना भाषणमा यस्ता शब्दावलीहरु प्रयोग गर्ने गर्थे- हामी पनि गर्न सक्छौं, गरे सम्भव छ, हामी पनि एक पटक धनी बनौं । उनले आर्थिक रूपान्तरण भन्ने एक युगको चेतना विकास गरेर नागरिकलाई एकबद्ध गराएर आजको कोरिया निर्माणको आधार खडा गरेका थिए । राज्यले योजनाबद्ध तयारीका साथ देशको भविष्यको पूर्ण र चरणबद्ध चित्र नागरिकसमक्ष स्पष्ट रूपमा प्रस्तुत गर्न नसक्दासम्म त्यस्तो युग चेतनाको विकास हुन सक्दैन । आधुनिक युगमा त्यस्तो चित्र निर्माण गर्न हरेक क्षेत्रको वैज्ञानिक अनुसन्धान अपरिहार्य हुन्छ । साथै, विश्वविद्यालयका कक्षाकोठा र प्रयोगशालाबाहिर त्यस्तो भविष्यको परिकल्पना गर्नु हुँदैन । हो, समाज र राज्यले ठूलो हृदयका साथ विश्वविद्यालयहरूलाई सहयोग गर्नुपर्छ । तर यी सबै कामको प्रमुख मञ्च भने विश्वविद्यालय र त्यहाँका प्राज्ञिक समुदाय नै हुनुपर्छ । अर्को युगको चेतना निर्माण गर्ने, त्यसलाई विश्वविद्यालयबाट विकसित गर्दै समाजका हरेक कुना-कुनामा पुर्‍याउने, हुर्काउने, बढाउने र परिष्कृत गर्ने मुख्य शक्ति युवा नै हुनुपर्छ । हामीले यस सरल र सर्वव्यापी सत्यलाई व्यवहारमा उतार्न कति इमानदार प्रयत्न गरिरहेका छौं ? यसको आत्मसमीक्षा नगरी अगाडि बढ्दा यस्ता विषयमा गरिने छलफलको ठोस औचित्य कति रहला ?

यसै सिलसिलमा जर्मन साहित्यकार गोयेथेको प्रसिद्ध र महत्त्वपूर्ण महाकाव्यात्मक नाटक 'फाउस्ट' मा आउने एउटा रोचक वाक्य सान्दर्भिक हुन्छ जस्तो लाग्छ । त्यसको प्रमुख पात्र फाउस्टले आफ्नो चेला बगानलाई भन्छन्- तिमीहरूले जसलाई युग चेतना भन्छौ, वास्तवमा त्यो प्रत्येक युगलाई प्रतिबिम्बित गर्ने लेखक महाशयहरूकै आफ्नै चेतना हो । अर्थात् युगको चेतना आफैं निर्माण भएको हुँदैन । त्यो कसैको कलमबाट निर्माण भएको हुन्छ । खासमा त्यो कलम कसको हातमा छ ? उनीहरूको हातहरु कति सशक्त र स्वतन्त्र छन् ? उनीहरूको हातमा कसरी कलम पुग्यो ? यो नै खासमा राजनीतिक इतिहासको अध्ययन पनि हो ।

अन्त्यमा, यो छरपस्ट छलफललाई तीन वटा प्रमुख निष्कर्षतर्फ लैजान चाहन्छु । पहिलो, युगचेतनाका बारेमा निष्क्रिय होइन, सक्रिय संवाद र बहस सुरू गरौं । वास्तवमा चेतनाविहीन युग भन्ने हुँदैन । सत्य के हो भने युगचेतना कुनै स्थिर विषय नभई निरन्तर परिवर्तनशील हुन्छ । त्यसैले युगचेतनाबारे चिन्तन, यसको विकास र व्यवस्थापन राजनीतिको प्रमुख प्राथमिकता हुनुपर्छ । दोस्रो, युगचेतना र राजनीतिक प्रणालीबीच तादात्म्य अपरिहार्य हुन्छ । राष्ट्रिय पहिचान वा राष्ट्रियता जे भने पनि त्यसको आधार यही नै हो । राजनीतिक प्रणाली र व्यवस्थाले दिन खोजेको परिणाम प्राप्त गर्ने मार्गप्रतिको विश्वासले यी सबै विषयलाई निर्धारण गर्दछन् ।

हरेक प्रमुख मुद्दामा तहगत रूपमा छलफल गर्ने हाम्रो प्रतिबद्धता अर्थात् संघीय गणतन्त्रप्रतिको स्वीकार्यता, देश र समाजले जानेर वा नजानेर गरेका थिचोमिचोका कारण नागरिकबीच सिर्जित क्षमताको खाडल र आत्मसम्मानमा लागेको चोटको एकीकृत समाधानका रूपमा स्वीकार गरिएको बहुसंस्कृतिवाद- यी सबै विषयमा सम्झौता गरिएका भाष्यहरूले अर्थपूर्ण युगचेतना वा सबल राष्ट्रियता निर्माण गर्न सक्दैनन् । सँगसँगै, हाम्रो युगले आम नागरिक र नागरिक सेवामा समर्पित नेतृत्वमा आवश्यक नयाँ चेतनाका विषयमा पनि नितान्त नवीन धारको बहस अपेक्षा गरेको छ । विभेद, विभाजन र घृणाको राजनीतिले कति ठूलो मूल्य चुकाउनुपर्छ भन्ने पाठ हामीले आफ्नै र विश्व राजनीतिबाट सिकिसकेका छौं । आज हामीलाई दिशानिर्देश गर्ने नवीनता, सहअस्तित्व, सामाजिक न्याय, राष्ट्रिय स्वार्थका विषयमा अभूतपूर्व राष्ट्रिय एकता, बढ्दो ध्रुवीकरणको अन्त्य र समाजको सर्वाङ्गीण क्षमता विकासजस्ता चेतनाहरु अपरिहार्य छन् । यस्ता चेतनाको विकास नै राष्ट्रिय आर्थिक, सामाजिक एवं राजनीतिक रूपान्तरणका प्रमुख इन्जिन हुन् ।

तेस्रो, त्यस्तो चेतनाको विकास गर्ने र त्यसका संवाहकहरु उत्पादन गर्ने शैक्षिक तथा प्राज्ञिक संस्थाहरु, तिनको भूमिकाबारे स्पष्ट राष्ट्रिय रणनीति निर्माण गर्नु र त्यसको अक्षरशः पालना गर्नु नै आजको प्रमुख आवश्यकता हो । एकातर्फ, हाम्रो युगचेतनाबारे बृहत् छलफलमार्फत त्यसलाई व्यवस्थित गर्दै सबै नागरिकले सहजै बुझ्न र आत्मसात् गर्न सक्ने बनाउनु छ भने अर्कोतर्फ, त्यही युगचेतनामा आधारित भएर समाजका हरेक तह र तप्कामा विचार सम्प्रेषण गर्न तथा आशा र विश्वास सिर्जना गर्न सक्ने जनशक्ति विकास गर्नु छ । हो, त्यसैका लागि हामीलाई गणतन्त्रका इकोल नोर्मालहरु आवश्यक छन् । *-कान्तिपुर*



तिहार : प्रकृति, संस्कृति र आत्मीय सम्बन्धको पर्व



बंशीकुमार शर्मा

तिहार नेपाली समाजको मौलिक सांस्कृतिक पहिचान बोकेको महत्वपूर्ण धार्मिक तथा सामाजिक पर्व हो। प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने यस पर्वलाई यमपञ्चक तथा दीपावलीका नामले पनि चिनिन्छ। वैदिक सनातन परम्पराअनुसार मनाइने तिहार धार्मिक आस्था, प्रकृतिप्रतिको कृतज्ञता, पारिवारिक आत्मीयता र सामाजिक सद्भावको अनुपम सङ्गम हो। मानव सभ्यताको विकासक्रमलाई हेर्दा प्रकृति, पशुपक्षी र मानवीय सम्बन्धको योगदान अतुलनीय रहेको छ। मानव जीवनको संरक्षण, विकास र समृद्धिमा प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान पुऱ्याउने प्रकृति र जीवजन्तुप्रति सम्मान प्रकट गर्ने विशिष्ट अवसरका रूपमा पनि तिहारलाई लिन सकिन्छ। त्यसैले तिहार केवल धार्मिक अनुष्ठानमा मात्र सीमित पर्व होइन, यसले सम्पूर्ण मानव सभ्यताको विकासमा प्रकृतिको भूमिकालाई स्मरण गराउँछ।

सनातन धर्मावलम्बीहरु प्रकृतिपूजक हुन्। जल, जमिन, जंगल, पहाड, पशुपक्षी तथा सम्पूर्ण प्राणी जगतलाई प्रकृतिका अभिन्न अङ्गका रूपमा सम्मान गर्ने परम्परा सनातन संस्कृतिमा पाइन्छ। तिहारमा काग, कुकुर, गाई, गोरू र गोवर्धन पर्वतको पूजा गरिनु यसै प्रकृतिप्रतिको सम्मान र कृतज्ञताको प्रतीक हो। मानिस र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई यस पर्वले जीवन्त रूपमा प्रस्तुत गरेको छ।

तिहारको पहिलो दिन कार्तिक कृष्ण त्रयोदशीमा धन्वन्तरी जयन्ती मनाइन्छ। आयुर्वेदका प्रवर्तक तथा आरोग्यका देवता धन्वन्तरीको पूजा आराधना गरी स्वस्थ, निरोगी र दीर्घायु जीवनको कामना गरिन्छ। पौराणिक मान्यताअनुसार समुद्र मन्थनका क्रममा अमृतकलशसहित धन्वन्तरी प्रकट भएका थिए। त्यसैले धन्वन्तरीलाई स्वास्थ्य र आरोग्यका प्रतीकका रूपमा श्रद्धापूर्वक पुजा अर्चना गरिन्छ।

यमपञ्चकको पहिलो दिन कागको पूजा गर्ने परम्परा छ। मानव सभ्यताको प्रारम्भिक चरणमा प्रकृतिसँग नजिक रहेर जीवनयापन गर्ने मानिसका लागि काग महत्वपूर्ण सूचक मानिन्थ्यो। यसले सम्भावित खतरा तथा वरिपरिको गतिविधिबारे संकेत दिने विश्वासका आधारमा कागलाई सन्देशवाहकका रूपमा सम्मान गरिएको धार्मिक तथा सांस्कृतिक मान्यता छ।

दोस्रो दिन कुकुरको पूजा गरिन्छ। मानव जीवनको सुरक्षा, घरको पहरेदारी तथा कठिन परिस्थितिमा सहयोग गर्ने कुकुरप्रति कृतज्ञता व्यक्त गर्दै पूजा गर्ने परम्परा बसेको हो। कुकुरलाई इमानदारी, निष्ठा र सुरक्षाको प्रतीकका रूपमा समेत लिइन्छ।

तेस्रो दिन गाई र लक्ष्मीको पूजा गरिन्छ। गाईलाई हिन्दू धर्ममा माताका रूपमा सम्मान गरिन्छ। मानव जीवनमा दूध तथा अन्य उपयोगी पदार्थ उपलब्ध गराउँदै कृषि र ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको गाईप्रति सम्मान प्रकट गर्नु यस दिनको विशेषता हो। गाईलाई धन, समृद्धि र पवित्रताको प्रतीकका रूपमा पनि पूजा गरिन्छ। यसै दिन घरघरमा दीप प्रज्वलन गरी धनधान्यकी देवी लक्ष्मीको आराधना गरिन्छ। घरआँगन सफा गरी दीपावली गर्ने र लक्ष्मीको स्वागत गर्ने परम्पराले स्वच्छता, उज्यालो र समृद्धिको सन्देश दिन्छ।

चौथो दिन गोवर्धन पूजा तथा गोरू पूजा गरिन्छ। कृषि सभ्यताको विकासमा गोरूको योगदान महत्वपूर्ण छ। खेत जोत्नेदेखि ढुवानीसम्मका काममा गोरूले मानव जीवनलाई सहज बनाएको ऐतिहासिक यथार्थ छ। त्यसैले गोरूलाई कृषि जीवनको अभिन्न सहयोगीका रूपमा सम्मान गरिन्छ। यसै दिन गोवर्धन पर्वतको पूजा गर्ने धार्मिक परम्परा पनि छ।

पौराणिक मान्यताअनुसार भगवान् ईन्द्र गोकुलवासीसंग रिसाएरू घनघोर वर्षा गराएर दुख दिन थाले पछि भगवान कृष्णले गोकुलवासीलाई जोगाउन गोवर्धन पर्वत उचालेर आश्रय दिएका थिए। घनघोर वर्षाबाट मानव तथा पशुपक्षीको रक्षा गरेको सम्झनामा गोवर्धन पूजा गर्ने परम्परा बसेको विश्वास गरिन्छ। पाहाड भगवान शिवको वासस्थान र माता पार्वती हिमालयकी पुत्री भएको धार्मिक ग्रन्थहरूमा लेखिएको छ । उता पहाड, वनजंगल र जलस्रोतले मानव जीवनलाई दिएको योगदानप्रति कृतज्ञता व्यक्त गर्ने अर्थमा पनि यस पर्वको महत्व रहेको छ।

पाँचौं दिन भाइटीका मनाइन्छ। दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम, विश्वास र आत्मीय सम्बन्धलाई प्रगाढ बनाउने यस दिन दिदीबहिनीले दाजुभाइलाई सप्तरङ्गी टीका लगाई दीर्घायु, सुख, शान्ति र समृद्धिको कामना गर्छन्। दाजुभाइले पनि दिदीबहिनीको सुख, समृद्धि र सुरक्षाको कामना गर्दै उपहार तथा दक्षिणा दिने परम्परा छ।

भाइटीकासँग जोडिएको धार्मिक मान्यता सूर्यपुत्र यमराज र उनकी बहिनी यमुनासँग सम्बन्धित छ। पौराणिक कथाअनुसार यमराज बहिनी यमुनाको निमन्त्रणामा उनको घरमा पाँच दिन बसेका थिए। बहिनीको आत्मीय व्यवहारबाट प्रसन्न यमराजले वर माग्न आग्रह गरेपछि यमुनाले प्रत्येक वर्ष यही दिन भेट्न आउनुपर्ने र दाजुभाइ तथा दिदीबहिनीको प्रेम सधैं अटल रहनुपर्ने वर मागिन्। यमराजले पनि बहिनीको इच्छा पूरा गर्ने वचन दिएको धार्मिक विश्वास छ। यही मान्यताका आधारमा यमपञ्चक र भाइटीकाको परम्परा सुरू भएको मानिन्छ।

तिहारको अर्को महत्वपूर्ण पक्ष देउसी-भैलो हो। घरघरमा पुगेर नाचगान गर्दै शुभकामना र आशीर्वाद दिने यो परम्परा नेपाली समाजको मौलिक सांस्कृतिक सम्पदा हो। देउसी भैलोमा मनोरञ्जनसँगै सुख, शान्ति, आरोग्यता, दीर्घायु र समृद्धिको कामना गरिन्छ। साथीभाइ, छरछिमेक र समुदायका मानिस एकै ठाउँमा भेला भएर आपसी सद्भाव र एकता प्रकट गर्ने माध्यम पनि देउसी भैलो बनेको छ।

देउसी-भैलोको उत्पत्तिसँग जुम्लाको सिञ्जा राज्यका राजा बलिराजाको प्रसङ्ग जोडिएको पाइन्छ। देउसी खेल्ने क्रममा 'हामी त्यसै आएका होइनौं, बलिराजाले पठाएका' भन्ने भट्याइने परम्पराले यस मान्यतालाई बल पुऱ्याउँछ। जनश्रुतिअनुसार राजा बलिराजाले बालबालिकालाई नाचगान र मनोरञ्जनका लागि घरघरमा पठाउने चलन बसालेका थिए। कालान्तरमा यही परम्परा देउसी-भैलोका रूपमा विकसित भएको विश्वास गरिन्छ । नेपाली भाषाको उद्गमस्थल मानिने सिञ्जा क्षेत्रसँग जोडिएको यो सांस्कृतिक प्रसङ्गले देउसी-भैलोको ऐतिहासिक तथा क्षेत्रीय महत्वलाई थप उजागर गरेको छ।

तिहारमा दीप प्रज्वलन गर्नुको पनि विशेष आध्यात्मिक अर्थ छ। दीपको उज्यालोले अज्ञानरूपी अन्धकार हटाएर ज्ञानरूपी प्रकाशतर्फ अघि बढ्न प्रेरित गर्छ। भयबाट निर्भयता, निराशाबाट आशा र अशान्तिबाट शान्तितर्फको यात्राको प्रतीकका रूपमा दीपावलीलाई लिइन्छ। घर, मठमन्दिर र सार्वजनिक स्थानमा दीप बालेर उज्यालो बनाउने परम्पराले जीवनमा सकारात्मकता र उत्साह सञ्चार गर्छ।

तिहार धार्मिक आस्थासँगै सामाजिक र सांस्कृतिक विविधता जोडिएको छ । नेवार समुदायमा मनाइने म्हः पूजा, आफ्नै शरीरको पूजा गरी आत्मसम्मान र आत्मशुद्धिको कामना गर्ने विशिष्ट परम्परा हो। घरआँगन सजाउने, तोरण टाँग्ने, दीपावली गर्ने, लक्ष्मी पूजा गर्ने तथा सामूहिक रूपमा देउसी-भैलो खेल्ने चलनले यस पर्वलाई थप जीवन्त बनाएको छ।

तिहार कहिलेदेखि मनाउन थालियो भन्ने विषयमा ठोस ऐतिहासिक प्रमाण उपलब्ध नभए पनि यसको परम्परा प्राचीन कालदेखि चल्दै आएको मानिन्छ। गोपालकालीन सभ्यतादेखि सिञ्जा राज्यका राजा बलिराजासम्मका प्रसङ्ग यस पर्वसँग जोडिएर आउने गरेका छन्। यसले तिहारलाई धार्मिक आस्थासँगै ऐतिहासिक र सांस्कृतिक निरन्तरताको पर्वका रूपमा पनि स्थापित गरेको छ।

समग्रमा तिहार मानव जीवन र प्रकृतिबीचको सम्बन्ध, पशुपक्षीप्रतिको सम्मान, पारिवारिक आत्मीयता तथा सामाजिक सद्भावको उत्सव हो। यस पर्वले मानव सभ्यताको विकासमा योगदान पुऱ्याउने प्रकृति र जीवजन्तुप्रति कृतज्ञ हुन सिकाउँछ भने दाजुभाइ तथा दिदीबहिनीबीचको प्रेम र विश्वासलाई थप प्रगाढ बनाउँछ। दीपावलीको उज्यालोले समाजमा व्याप्त अज्ञान, अन्धकार, विभेद र वैमनस्य हटाउँदै ज्ञान, सद्भाव र सहकार्यको मार्ग प्रशस्त गरोस् भन्ने यसको मूल सन्देश हो। आरोग्यता, दीर्घायु, ऐश्वर्य र समृद्धिको कामनासहित मनाइने तिहार कुनै एक समुदाय वा परिवारको मात्र पर्व होइन, सम्पूर्ण मानव समाजलाई प्रेम, सद्भाव र सहअस्तित्वको सूत्रमा बाँध्ने साझा सांस्कृतिक उत्सव हो।





खेलकुद

एनपिएलमा जनकपुरमाथि सुदूरपश्चिमको जित

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा सुदूरपश्चिम रोयल्सले जनकपुर बोल्ट्समाथि २७ रनको जित निकालेको छ। मंगलबार सम्पन्न खेलमा सुदूरपश्चिमले दिएको १२१ रनको लक्ष्य पछ्याएको जनकपुर २० ओभरको चौथो बलमा ९३ रनमै अलआउट भयो। जनकपुरका लागि जिम्मी निसमले सर्वाधिक २० रन बनाए। उनले २५ बलमा एक चौका र एक छक्का प्रहार गरे। त्यस्तै, तृतराज दासले २९ बलमा एक छक्कासहित २१ रन जोड्दा आदित्य महताले ११ बलमा एक छक्काको मद्दतमा १० रन बनाए। यी तीन खेलाडीबाहेक जनकपुरका अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। यससँगै सुदूरपश्चिमले जनकपुरलाई पराजित गर्दै एनपिएलमा महत्त्वपूर्ण जित दर्ता गरेको छ।

पोखराको सानदार जित, कर्णाली ६३ रनले पराजित

नेपाल प्रिमियर लिग (एनपिएल)अन्तर्गत सोमबार भएको खेलमा पोखरा एभेन्जर्सले कर्णाली याक्समाथि ६३ रनको फराकिलो जित निकालेको छ। कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा पोखराले दिएको २१८ रनको लक्ष्य पछ्याएको कर्णाली १८.३ ओभरमा १५४ रनमै अलआउट भयो। कर्णालीका लागि पवन सर्राफले सर्वाधिक ३२ रन बनाए। उनले ३१ बलमा उक्त रन जोडे। त्यस्तै, आरिफुल इस्लामले १३ बलमा २४ रन तथा दीपक डुम्रेले सात बलमा आक्रामक २२ रन बनाए पनि टोलीलाई जितसम्म पुर्याउन सकेनन्।

पोखराका बलर मेहेदी हसनले उत्कृष्ट प्रदर्शन गर्दै तीन विकेट लिए। धनञ्जय लक्सन, कुशल भुर्तेल र विपिन खत्रीले समान दुई विकेट हात पारे। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखरा एभेन्जर्सले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा २१७ रन बनाएको थियो। पोखराले दिएको विशाल लक्ष्य कर्णालीले पूरा गर्न नसक्दा ६३ रनको हार व्यहोर्नुपर्यो। एनपिएलअन्तर्गत सोमबारको दोस्रो खेलमा काठमाडौं गोर्खाज र चितवन राइनोज आमनेसामने हुँदै छन्। उक्त खेल साँझ ५ बजे सुरू हुने तालिका छ।

पाकिस्तानसँग पराजित हुँदै यू-१९ एसिया कपबाट बाहिरियो नेपाल

एसिसी यू- १९ एसिया कप क्रिकेट प्रतियोगिताको समूह चरणको अन्तिम खेलमा नेपाल पाकिस्तानसँग १०१ रनले पराजित भएको छ। यससँगै नेपाल प्रतियोगिताबाट बाहिरिएको छ। पाकिस्तानले दिएको २७६ रनको लक्ष्य पछ्याएको नेपाल ४३.४ ओभरमा १७४ रनमै समेटियो।

नेपालका लागि रोहित चन्दले सर्वाधिक ३७ रन बनाए। ५४ बल खेलेका उनले तीन चौका प्रहार गरे। ओपनर नीरजकुमार यादवले २९ रन बनाउँदा सूर्यांशु कोइरालाले २२ र दर्श सोनारले २० रनको योगदान दिए। त्यस्तै, अभय यादवले आक्रामक ब्याटिङ गर्दै १६ बलमा २३ रन जोडे। सोहेल कुँवरले १४, रोशन शाहीले सात र आशिष लुहारले ६ रन बनाए। सचिन भट्ट र सुशील रावलले खाता खोल्न सकेनन् भने कप्तान विपिनप्रसाद शर्मा एक रनमा अविजित रहे।

नेपालको इनिङ्स ध्वस्त पार्ने क्रममा पाकिस्तानका अहमद हुसेनले सर्वाधिक चार विकेट लिए। मोहम्मद हुजैफा र मोहम्मद सय्यामले दुई-दुई तथा जहाँगिर बिलाल र रिजवानुल्लाहले एक-एक विकेट हात पारे।

यसअघि टस शजतेर पहिले ब्याटिङ गरेको पाकिस्तानले निर्धारित ५० ओभरमा सात विकेट गुमाउँदै २७५ रन बनाएको थियो। समूह चरणमा नेपालले यसअघि भारत र युएईसँग पनि हार व्यहोरेको थियो। लगातार तीन खेलमा पराजित भएपछि नेपाली युवा टोलीको एसिया कप यात्रा समूह चरणमै समाप्त भएको छ।

दशौं राष्ट्रिय खेलकुदका २३ खेल सुर्खेतमा हुने

कर्णाली प्रदेशमा आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुदका कुल ३२ मध्ये २३ खेल मुख्य आयोजक स्थल सुर्खेतमा हुने निश्चित भएको छ। कर्णालीमा भौगोलिक कठिनाइ र पूर्वाधारका कारण पनि यसपटक सुर्खेतमै धेरै खेल खेलाइने भएको हो। प्राविधिक समितिबाट अनुमोदित तालिकाअनुसार प्रतियोगिताको औपचारिक उद्घाटन आगामी मंसिर १६ गते सुर्खेत रंगशालामा हुनेछ भने समापन मंसिर २७ गते तय गरिएको छ।

तर, औपचारिक उद्घाटनअघि नै मंसिर ८ गतेदेखि पुरूष तथा महिला क्रिकेट, पुरूष फुटबल, पुरूष तथा महिला ह्यान्डबल, महिला बास्केटबल, टेनिस र पौडीसहित ६ वटा खेलको प्रतिस्पर्धा भने सुरू भइसक्नेछ। क्रमशः अन्य खेल पनि खेलाइँदै लगिने बताइएको छ।

मुख्य आयोजक जिल्ला सुर्खेतमा प्रतियोगिताका अधिकांश ठुला मैदानी, इनडोर र मार्सल आर्टसका खेलहरु सञ्चालन हुनेछन्।

सुर्खेतमा एथलेटिक्स, पुरूष फुटबल, क्रिकेट, भलिबल, हक्की, रग्बी र साइक्लिङजस्ता मैदानी खेलहरु हुनेछन्। त्यसैगरी कराँते, तेक्वान्दो, फुलकन्ट्याक्ट कराँते, उसु र बक्सिङजस्ता फाइटिङ खेलका साथै ब्याडमिन्टन, टेबलटेनिस, जिम्न्यास्टिक, ह्यान्डबल, स्क्वास र बास्केटबल सुर्खेतमै खेलाइनेछ। यसबाहेक कबड्डी, आर्चरी, भारत्तोलन, इस्पोर्टस् र सेपाकताक्रो गरी कुल २३ खेल सुर्खेतमै सम्पन्न हुने तय भएको छ।

कर्णाली प्रदेशका अन्य जिल्लाहरूमा भने पूर्वाधार र भौगोलिक अनुकूलताका आधारमा केही खेलहरु विभाजन गरिएको छ। जसअन्तर्गत दैलेखमा आइटिएफ तेक्वान्दो, कालीकोटमा बुद्धिचाल, सल्यानमा जुडो र कुस्ती तथा पश्चिम रूकुममा शारीरिक सुगठनका खेलहरु आयोजना गरिनेछन्।

कर्पोरेट

● ग्लोबल आइएमईको अत्याधुनिक कर्पोरेट भवन बन्दै

ग्लोबल आइएमई बैंक लिमिटेडले काठमाडौंको उत्तरढोकामा आफ्नो अत्याधुनिक कर्पोरेट भवन निर्माणको काम अघि बढाएको छ । शुक्रबार निर्माणस्थलमा आयोजित एक समारोहबिच बैंक सञ्चालक समितिका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले विधिपूर्वक जगको पूजा (भूमिपूजा) गरेर भवन निर्माणको औपचारिक सुरूवात गरेका हुन् ।

करिब एक लाख ४६ हजार वर्गफिटमा फैलिने यो भवन कुल १२ तलाको हुनेछ । जसमा गाडी पार्किङका लागि दुई तलाको भूमिगत बेसमेन्ट, एउटा ग्राउन्ड फ्लोर र माथि नौवटा तला रहनेछन् । वातावरणमैत्री पूर्वाधार, आधुनिक वास्तुकला र अत्याधुनिक प्रविधि समेटेर बैंकले यसलाई उपत्यकाकै नमुना व्यावसायिक भवनका रूपमा उभ्याउन खोजेको छ ।

भूमिपूजापछि बोल्दै बैंकका अध्यक्ष ढकालले यो भवन वाणिज्य बैंकहरूका कर्पोरेट कार्यालयमध्ये सबैभन्दा आधुनिक र ठुलो संरचना हुने बताए । 'नयाँ भवन अत्याधुनिक तथा सुविधासम्पन्न हुनुका साथै काठमाडौं उपत्यकाको एउटा नमुना (आइकन) भवन बन्नेछ,' उनले भने । उनले अत्याधुनिक भवन निर्माणसँगै सेवाग्राहीलाई बैंकको सेवा अझ सहज, प्रविधिमैत्री र प्रभावकारी हुने बताए ।

त्यस्तै, प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकका सेवाग्राही तथा कर्मचारीलाई ध्यानमा राखेर पार्किङदेखि भित्री संरचनासम्म आधुनिक इन्जिनियरिङलाई प्राथमिकता दिएको बताए ।

● एनआइसी एसिया क्यापिटलद्वारा दैवीप्रकोप उद्धार कोषमा २१ लाख सहयोग

एनआइसी एसिया क्यापिटल लिमिटेडले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा २१ लाख रूपैयाँ आर्थिक सहयोग गरेको छ।

भोटेकोशी बाढीपीडितको राहत र पुनर्स्थापनाका लागि सहयोग पुर्याउने उद्देश्यका कोषको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको बैंक खातामा रकम जम्मा गरेको क्यापिटलले जनाएको छ।

आफ्नो स्थापनाकालदेखि नै व्यावसायिक गतिविधिका साथसाथै संस्थागत सामाजिक उत्तरदायित्वलाई समेत उच्च प्राथमिकतामा राखी विद्यार्थी तथा देशको विभिन्न भू-भागहरूमा बसोबास गर्ने आमनेपालीहरूलाई लक्षित गरी वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यक्रमहरु निरन्तर रूपमा सञ्चालन गर्दै आइरहेको कम्पनीले जनाएको छ।

● मञ्जुश्री फाइनान्सको लाभांश प्रस्ताव साधारणसभाबाट पारित

मञ्जुश्री फाइनान्स लिमिटेडको १९औँ वार्षिक साधारणसभा शुक्रबार काठमाडौंको थापागाउँ बेंक्वेटमा सम्पन्न भएको छ। सभाले आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट आफ्ना सेयरधनीहरूलाई कुल २० प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

जसअनुसार १५ प्रतिशत नगद लाभांश (कर प्रयोजनसहित) र पाँच प्रतिशत बोनस सेयर वितरण हुनेछ। कम्पनीको यस निर्णयले सेयरधनीहरूलाई प्रतिफल प्रदान गर्नुका साथै संस्थाप्रतिको विश्वास र सहकार्यलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

सभाले ४० करोड रूपैयाँबराबरको ८.७५ प्रतिशत लाभांश दर कायम गरी मुनाफा भएको वर्ष मात्र मुनाफा वितरण हुने गरी अविमोच्य असञ्चिति अग्राधिकार सेयर नियमनकारी निकायबाट स्वीकृत भएपश्चात् जारी गरी प्राथमिक पुँजी वृद्धि गर्ने प्रस्ताप पारित गरेको छ। साथै आ.व. ०८३/८४ का लागि एनकेटी एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्सलाई सभाले बाह्य लेखापरीक्षक नियुक्ति गरेको छ।

● भायानेटले ल्यायो 'आजको प्रब्लम, आजै फिक्स' सेवा

भायानेट कम्युनिकेसन्स लिमिटेडले आफ्ना ग्राहकलाई छिटो र प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्ने उद्देश्यले 'आजको प्रब्लम, आजै फिक्स' सेवा सुरू गरेको छ।

यस सेवाअन्तर्गत साँझ ५ बजेअघि दर्ता गरिएका इन्टरनेटसम्बन्धी प्राविधिक समस्याहरु सोही दिन समाधान गर्ने लक्ष्यसहित प्राथमिकतामा राखिने कम्पनीले जनाएको छ। ग्राहकको समस्याको प्रकृतिअनुसार भायानेटले रिमोट सपोर्टमार्फत वा आवश्यक परे प्राविधिक टोली ग्राहकको घरमै पठाएर समस्या समाधान गर्नेछ। ग्राहक सेवामा विशेष प्राथमिकता दिँदै आएको भायानेटले यस सेवामार्फत इन्टरनेटमा समस्या आउँदा ग्राहकले लामो समय कुर्नुपर्ने अवस्थालाई कम गर्दै छिटो, सहज र भरपर्दो सेवा प्रदान गर्ने विश्वास लिएको छ। प्राविधिक सहयोगका लागि ग्राहकहरूले भायानेटको सपोर्ट नम्बर ०१-५९७०४४४ मा सम्पर्क गर्न सक्नेछन्। नियम तथा सर्तहरु लागू हुने कम्पनीले जनाएको छ।

● भिजन लुम्बिनीको आईपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल

भिजन लुम्बिनी लिमिटेडले प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ) जारी गर्ने भएको छ । यससम्बन्धी सार्वजनिक निष्कासन प्रक्रिया अघि बढाउन मुक्तिनाथ क्यापिटल लिमिटेडलाई बिक्री प्रबन्धकमा नियुक्त गरेको हो ।

यससम्बन्धी सम्झौतापत्रमा भिजन लुम्बिनीका तर्फबाट अध्यक्ष जगतबहादुर पोखरेल र मुक्तिनाथ क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका छन् ।

कम्पनीले जारी पुँजीको २० प्रतिशतका दरले हुन आउने १२ लाख ५० हजार कित्ता आइपिओ प्रतिकित्ता एक सय रूपैयाँ अंकित मूल्यमा सर्वसाधारणलाई बिक्री गर्नेछ ।

● बाढीपीडितलाई एनआइसी एसिया क्यापिटलको २१ लाख

एनआइसी एसिया क्यापिटल लिमिटेडले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा २१ लाख रूपैयाँ जम्मा गरेको छ । गत १० भदौमा रसुवाको भोटेकोशी नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लाका विभिन्न क्षेत्रमा ठुलो जनधन तथा भौतिक क्षति पुर्याएको थियो ।

यस्तो अवस्थामा बाढीपीडित नागरिकको उद्धार, राहत र पुनर्स्थापनाका लागि आर्थिक सहयोग गरेको हो । कम्पनीका अनुसार स्थापनाकालदेखि नै व्यावसायिक गतिविधिका साथसाथै संस्थागत सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राखी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

● तिहार विशेष रैथाने मेला

मौलिक संस्कृति, रैथाने उत्पादन तथा स्थानीय उद्यमशीलताको प्रवर्द्धन गर्दै स्वदेशी उत्पादनलाई बजारसँग जोड्न सरकारले तिहार विशेष रैथाने मेला आयोजना गरेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत थापाथलीस्थित कम्पनीपरिसरमा तीनदिने मेला सुरू भएको हो ।

रैथाने उत्पादनको बजारीकरण, स्थानीय उद्यमीलाई प्रोत्साहन तथा परम्परागत खाद्य संस्कृति र उत्पादनको संरक्षणका निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सहजीकरणमा मेला आयोजना गरिएको बताइएको छ ।

मेलामा कृषक, कृषक समूह, कृषि सहकारी संस्था, महिला तथा युवा उद्यमी एवं स्थानीय उत्पादकका प्रदर्शनी तथा बिक्री स्टल छन् । मेलामा तिहार विशेष परिकार तथा परम्परागत खाद्य सामग्री, फूल तथा माला, सजावटका सामग्री, परम्परागत पोसाक, हस्तकलाका सामग्री, माटाका भाँडाकुँडा, रैथाने बाली, कृषिउपजलगायत स्वदेशी तथा स्थानीय उत्पादनलाई प्राथमिकता खाद्यले जनाएको छ ।

स्थानीय उत्पादनको पहिचान, प्रवर्द्धन र बजारीकरणका माध्यमबाट कृषक तथा साना उद्यमीको आर्थिक गतिविधि विस्तार गर्ने, महिला तथा युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने र स्वदेशी उत्पादनको उपभोग बढाउने सरकारको लक्ष्य छ । साथै, आगामी दिनमा पनि साताको दुई दिन सार्वजनिक बिदाको समय उपयोग गर्दै सप्ताहान्तमा यस्ता कार्यक्रम सञ्चालन गरिने बताइएको छ । सरकारले यही अभ्यास र मोडेललाई देशका ७७ वटै जिल्लामा विस्तार गर्दै अघि बढाउने योजना बनाएको छ ।

● बुटवलमा 'दीपावली सडक खाना महोत्सव'

तिहारका अवसरमा बुटवल उद्योग वाणिज्य संघ रूपन्देहीले 'दीपावली सडक खाना महोत्सव' आयोजना गर्ने भएको छ । महोत्सव २० देखि २२ कात्तिकसम्म बुटवल उपमहानगरपालिका- ८, सुक्खानगरस्थित शुक्रपथमा सञ्चालन हुने संघका महासचिव वसन्तप्रसाद ढकालले जानकारी दिए ।

संघका अध्यक्ष नरीश्वर शर्मा पौडेलको अध्यक्षतामा मंगलबार बसेको कार्यसमिति बैठकले महोत्सव सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवारी बाँडफाँट गरेको छ । बैठकले दीपावली सडक खाना महोत्सव सञ्चालन तथा व्यवस्थापन मूल समितिको संयोजकमा संघका अध्यक्ष पौडेललाई जिम्मेवारी प्रदान गरेको हो । त्यस्तै, संघका निवर्तमान अध्यक्ष हरिप्रसाद अर्याललाई मूल्यांकन, वरिष्ठ उपाध्यक्ष सुरज भट्टराईलाई सहसंयोजक तथा उद्योग उपाध्यक्ष दिनेश श्रेष्ठ र वाणिज्य उपाध्यक्ष मुक्तिप्रसाद अधिकारीलाई उपसंयोजकको जिम्मेवारी प्रदान गरिएको महासचिव ढकालले जानकारी दिए ।

त्यसैगरी, महासचिव ढकाललाई प्रशासन तथा समन्वय, कोषाध्यक्ष टीकाराम बन्जाडेलाई आर्थिक व्यवस्थापन, सचिव दीपक चापागाईंलाई स्टल तथा पूर्वाधार व्यवस्थापन तथा सहकोषाध्यक्ष कमला पोखरेललाई सांस्कृतिक कार्यक्रम व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ ।

त्यस्तै, कार्यसमिति सदस्यहरु रामबहादुर भण्डारीलाई सुरक्षा व्यवस्थापन, दीपक घिमिरेलाई ट्राफिक तथा पार्किङ व्यवस्थापन, विष्णुप्रसाद उपाध्यायलाई सरसफाइ व्यवस्थापन तथा लेखनाथ भण्डारीलाई स्टल व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ ।

आयोजकका अनुसार दिउँसो ४ देखि राति १० बजेसम्म सञ्चालन गरिने दीपावली सडक खाना महोत्सवमा ५० स्टल राखिनेछ । महोत्सवमा स्थानीय, विभिन्न जातजातिका संस्कृतिसँग जोडिएका परम्परागत तथा रैथाने खानाका परिकारसँगै तिहारमा आवश्यक पर्ने खाद्यान्न, फूलमाला तथा अन्य सामग्रीका स्टल राखिने संघले जनाएको छ । यसले स्थानीय उत्पादन, परिकार र व्यवसायको प्रवर्द्धनसँगै उद्यमी तथा व्यवसायीलाई बजार विस्तारको अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

दीपावलीको सांस्कृतिक र धार्मिक महत्वलाई संरक्षण तथा प्रवर्द्धन गर्दै स्थानीय कला, संस्कृति र परम्पराको पहिचान स्थापित गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।

● म्याक्स टाइगरका विजेताले पाए मोटरसाइकल र स्कुटर

म्याक्स टाइगर इनर्जी ड्रिंक्सको 'दसैँ धमाका २०२६' अभियानमा विजेताले पुरस्कार पाएका छन् । अभियानअन्तर्गत काठमाडौं र विराटनगरमा आयोजित एक्स्ट्रिम फ्यानजोन कार्यक्रममार्फत चारजना विजेतालाई मोटरसाइकल तथा स्कुटर हस्तान्तरण गरिएको हो । कम्पनीका अनुसार काठमाडौंको सिफलस्थित नेपाल प्रिमियर लिग (एनपिएल) स्क्रिनिङ स्थलमा आयोजित कार्यक्रममा काठमाडौंका सुमन कर्माचार्य र विनोद ढुंगेललाई मोटरसाइकल हस्तान्तरण गरिएको छ ।

मोटरसाइकल विजेताले सामान्य रूपमा खरिद गरेको इनर्जी ड्रिंक्सबाट यति ठुलो पुरस्कार प्राप्त हुने कल्पनासमेत नगरेको बताए । त्यस्तै, विराटनगरको पुरानो गुद्रीमा सञ्चालित एक्स्ट्रिम फ्यानजोनमा पनि दुई विजेताले पुरस्कार प्राप्त गरेका छन् ।

धरानका अनोजकुमार अधिकारीलाई स्कुटर र विराटनगरका विनोद पोखरेललाई मोटरसाइकल हस्तान्तरण गरिएको छ । यससँगै काठमाडौं र विराटनगरमा गरी तीनवटा मोटरसाइकल र एउटा स्कुटर विजेतालाई हस्तान्तरण गरिएको कम्पनीले जनाएको छ ।

● तिहारलक्षित सिजीका अत्याधुनिक माइक्रोवेभ ओभन

इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले तिहारलाई लक्षित गर्दै अत्याधुनिक माइक्रोवेभ ओभनलाई भान्साको मुख्य सारथिका रूपमा प्रस्तुत गरेको छ । कम्पनीले पर्वमा छिटो, मिठो र स्वास्थ्यकर तरिकाले विभिन्न परिकार तयार गर्न सकिने गरी माइक्रोवेभ ओभन सार्वजनिक गरेको हो ।

कम्पनीका अनुसार सिजी माइक्रोवेभ ओभनमा भाइमसला रोस्टिङ गर्न, घरमै स्वादिष्ट मिठाई बनाउन तथा बेकिङ र ग्रिलिङ गर्न सकिनेछ । काजु, बदाम, पिस्ता र ओखरजस्ता भाइमसलालाई कराईमा डढ्ने डरविना ओभनमै केही मिनेटमै क्रिस्पी र स्वादिष्ट रूपमा रोस्ट गर्न सकिने कम्पनीको दाबी छ । त्यसैगरी, घरमै बेसनको लड्डु, पेडा, बर्फी, सुजीको हलवा र चकलेट पनि माइक्रोवेभ ओभनमा छिटो र सजिलै बनाउन सकिनेछ । त्यस्तै, भाइटीकामा दाजुभाइलाई उपहार दिन केक, कुकिज वा पारिवारिक जमघटका लागि पनिर र मासुका परिकार ग्रिल गर्न यसमा रहेको कन्भेक्सन र ग्रिल फिचर उपयोगी हुने कम्पनीको दाबी छ ।

कम्पनीका अनुसार सेलरोटी, फिनी र अनरसाजस्ता परिकारलाई तत्काल तताएर ताजा र क्रिस्पी बनाउन यो उपकरण उपयोगी साबित हुनेछ । ग्राहकको विभिन्न आवश्यकता र परिवारको आकारलाई ध्यानमा राख्दै कम्पनीले हाल बजारमा २० लिटरदेखि ३५ लिटर क्षमतासम्मका जम्मा ६ वटा विभिन्न मोडेलका माइक्रोवेभ ओभन उपलब्ध गराइएको जनाएको छ ।

जसमध्ये दुईवटा मोडेल प्रिमियम सिग्नेचर सिरिज सिजी मेरिडियाका रहेका छन् भने बाँकी चारवटा सिजी ब्रान्डअन्तर्गत उपलब्ध हुनेछन् । यी उपकरणमा रहेको अटो कुक मेनुले परिकारअनुसार आफैं समय र तापक्रम मिलाउने हुँदा भान्साको काम झन्झटमुक्त र पूर्ण रूपमा स्मार्ट बन्ने बताइएको छ ।

● साओमीको उपहार योजनाकाविजेता घोषणा

साओमी नेपालले सञ्चालन गरिरहेको 'साओमी किन्दा, उपहार एम्ब्रिडे, बम्परमा थाइल्यान्ड होलिडे' योजनाअन्तर्गत दैनिक तथा साप्ताहिक विजेता घोषणा गरेको छ । योजनाअन्तर्गत सेप्टेम्बर २५ देखि अक्टोबर ३१ सम्मका रेडमी बड्स ६ प्लेका दैनिक विजेता घोषणा गरिएको कम्पनीले जनाएको छ । त्यस्तै, रेडमी वाच ६ एक्टिभका साप्ताहिक विजेता पनि सार्वजनिक गरिएको छ ।

योजनाअनुसार दैनिक रूपमा आठजना भाग्यशाली विजेताले रेडमी बड्स ६ प्ले र साप्ताहिक रूपमा १० जना विजेताले रेडमी वाच ६ एक्टिभ प्राप्त गर्नेछन् ।

साथै, योजनाको बम्पर उपहारअन्तर्गत चारजना भाग्यशाली विजेताले चार रात पाँच दिनको थाइल्यान्ड भ्रमण गर्ने अवसर पाउनेछन् । यो योजना २५ नोभेम्बरसम्म सञ्चालन हुनेछ । साओमी नेपालले योजनामा सहभागी भई उपहार जित्ने अवसरको लाभ लिन सम्पूर्ण ग्राहकलाई आग्रह गरेको छ ।

● 'युरोपमा निर्यात बढाउन इबिएलाई प्रभावकारी बनाउनुपर्ने'

युरोपमा नेपालको निर्यात वृद्धिका लागि युरोपियन युनियन (इयू)को व्यापार सहुलियत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

इयूको 'एम्ब्रिथिङ बट आर्म्स' व्यापार सहुलियत कार्यक्रम लागू भएको २५ वर्ष पूरा भएको अवसरमा बुधबार काठमाडौंमा आयोजित कार्यक्रममा सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिले यस कार्यक्रमलाई परिणाममुखी बनाउनुपर्ने बताएका हुन् ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार शाहले युरोपेली बजारमा नेपाली उत्पादनको पहुँच र निर्यात विस्तार गर्न युरोपेली संघको सहयोग महत्वपूर्ण रहेको बताए ।

सो अवसरमा नेपालका लागि युरोपेली संघका राजदूत चार्ल्स ह्वाइटलीले नेपाली उत्पादनको विशिष्टता र मौलिकताको प्रशंसा गरे । अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको उच्च सम्भावना रहेको औंल्याउँदै उनले युरोपेली बजारमा निर्यात गर्दा नेपाली व्यवसायीले भोगिरहेका चुनौती समाधानका लागि इयूको तर्फबाट निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

● टिआइएमा यात्रुले ब्यागेजको अवस्था लाइभ हेर्न पाउने

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए)मा यात्रुहरूको आफ्नो ब्यागेजको अवस्था भिडियोबाट प्रत्यक्ष (लाइभ) हेर्न पाउने भएका छन् । टिआइएमा ब्यागेजको मुभमेन्टको लाइभ भिडियो आगमन कक्षमा हेर्न सकिने व्यवस्था गरिएको हो ।

टिआइएमा ब्यागेज व्यवस्थापनलाई थप सहज, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले ब्यागेज ड्रप एरियाको लाइभ फिड अब अराइभल क्षेत्रको ब्यागेज क्लेम एरियामा उपलब्ध गराइएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ ।

यस व्यवस्थाबाट यात्रुहरूले आफ्नो ब्यागेजको अवस्थाबारे प्रत्यक्ष जानकारी प्राप्त गर्नुका साथै ब्यागेज प्राप्त गर्न लाग्ने समयको समेत अनुमान गर्न सक्नेछन् । 'यात्रुहरूको प्रतीक्षालाई थप सहज बनाउँदै, सेवामा पारदर्शिता अभिवृद्धि गर्दै र उत्कृष्ट विमानस्थल अनुभव सुनिश्चित गर्नेतर्फ यो एक महत्वपूर्ण पहल हो,' मन्त्रालयले उल्लेख गरेको छ ।

बालेन...

र पार्टीबीचमा विवाद उत्पन्न भएपछि पार्टी सभापतिले अलग्गै अभिव्यक्ति दिएका हुन् ।

पछिल्लो समयमा पार्टी र प्रधानमन्त्री बालेन साहबीचमा केही मतभेद रहेको प्रष्ट रूपमै देखिन्छ । प्रधानमन्त्री बालेन साह पार्टीका वरिष्ठ नेता समेत भएपनि उनी आक्कल झुक्कल बाहेक कहिल्यै पार्टीको बैठकमा जाँदैनन् भने संसदीय दलको बैठकमा समेत प्रायः जाने गरेका छैनन् त्यही कारणले गर्दा पार्टीमा विवाद आएको अनुमान गर्न सकिन्छ ।

रास्वपाभित्र प्रहरी महानिरीक्षक फेरबदलको सम्बन्धमा पार्टी र सरकारका बीचमा कुरा बाझिएपछि पार्टीभित्रको विवाद विस्तारै विस्तारै बाहिर आउन थालेको छ । जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको सरकारले प्रस्तावित गरेका विभिन्न १३ देशका राजदूत मध्येका २ जना संसदीय सुनुवाई समितिबाट अस्वीकार हुनु र जापानका लागि प्रस्तावित गरिएका ग्यानकुमार थापालाई संसदीय सुनुवाई समितिले अस्वीकृत गर्ने चाल पाएपछि थापाले आफ्नो नाम फिर्ता लिएका थिए ।

संसदीय सुनुवाई समितिमा रास्वपाकै बहुमत रहेको भएपनि सांसदहरु सभापति र प्रधानमन्त्री पक्षका भएकाले सो समितिमा सभापति पक्षको संख्या धेरै रहेकाले सभामुखको सिफारिस थापालाई जापानको लागि राजदूत प्रस्तावित गरिएकोमा सुनुवाई समितिले अस्वीकृत गर्ने रणनीति बनाइएको भन्दै सभापति पक्षको सांसदहरूले आरोप लगाएका थिए । संसदीय सुनुवाई समितिमा रास्वपाका ८ सांसद रहेका छन् ।

सभापति लामिछानेले गत शुक्रबार पत्रकारहरूलाई पत्राऊ गरिएको र सञ्चारमाध्यम मै प्रहरी पठाएर सम्पादकीय रूममा समेत प्रहरी प्रवेश गरेर समाचारको स्रोत खोज्ने प्रयास गरेकोमा सभापति लामिछानेले त्यसैको विरोध गरेका थिए । उनले संविधानभन्दा माथि डेमोक्रेसी भन्दा माथि कोही नभएको भन्दै यस विषयमा रास्वपा स्पष्ट रहेको बताएका थिए ।

यसमा आँच आउने क्रियाकलाप कसैले गरेमा त्यसको जिम्मेवारी समेत उनैले बोक्नुपर्ने बताउँदै घुमाउरो पारामा सरकारको निर्णयको विरोध गरेका थिए । सरकारको नामै नलिई उनले उच्च राजनीतिक चरित्र देखाउन सभापति लामिछानेले बेला बेलामा अभिव्यक्ति दिँदै आएको भएपनि पार्टीका वरिष्ठ नेता समेत रहेका प्रधानमन्त्री बालेन साह भने कसैको कुरा सुन्न तयार देखिँदैन । बरू मध्यरातमा स्टाटस लेख्दै विपक्षी दलहरूलाई प्रहार गर्न खोजिरहेका छन् । प्रतिनिधिसभामा रास्वपाको झण्डै दुई तिहाई मत रहेकाले बालेन सरकारलाई आफ्ना काम कारबाही अघि बढाउन कुनै अवरोध छैन तर पनि सरकारले जनताको हितमा कुनै ठोस कार्य गर्न सकेको देखिएको छैन ।

भोटेकोशी बाढी पिडितहरु पिडामै रहेका छन् । सरकारले उनीहरूलाई दिने भनेको सुविधा उपलब्ध गराउन सकेको छैन भने स्थायी आवास बनाउन जग्गा दिने भनेपनि आजसम्म जग्गा समेत दिन सकेको छैन । केबल गफ गर्ने र स्टाटस मार्फत सरकारले यसो गऱ्यो उसो गऱ्यो भन्दै विपक्षी दलका नेताहरूलाई गाली गलौज गर्नैमा सरकार प्रमुख प्रधानमन्त्रीको समय वित्ने गरेको छ । बालेन सरकारले एकै चोटी सबै क्षेत्रमाथि प्रहार गरेको हुनाले सबै क्षेत्रमा असन्तुष्टिका स्वरहरु बढ्दै गएका छन् । पहिला निजी क्षेत्रका सञ्चारमाध्यमलाई दिँदै आएको सरकारी विज्ञापन बन्द गर्ने निर्णय गरियो । त्यसपछि लोककल्याणकारी विज्ञापन प्रकाशित गरेवापत् दिइने रकममा कटौती गरियो । सरकारी कर्मचारीहरूलाई नियन्त्रणमा लिएर प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पुऱ्याएर आफूले भने जस्तो निर्णय गराउन थालियो ।

पत्रकारहरूलाई पक्राउ गरि समाचारको स्रोत पत्ता लगाउने प्रयास जारी रहेको छ भने पछिल्लो समयमा प्रहरी महानिरीक्षकलाई परिवर्तन गरी ऐन कानुनमा नभएको व्यवस्था अनुसार प्रहरी महानिरीक्षकलाई प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाउने निर्णय गरियो, अनि न्यायाधिशहरूलाई महाभियोग लगाउने भन्दै सरकारको पक्षमा निर्णय गराएन बाध्य पार्ने प्रयास सम गरियो । यी सबै कार्यहरूले गर्दा रास्वपा नेतृत्वको बालेन सरकार आफैं आफूले खनेको खाल्डोमा पर्न सक्ने सम्भावना बढेर गएको छ ।

ताइवान..

एकीकरण भएरै छाड्ने दाबी गरे । यद्यपि, उनले सम्बोधनमा बल प्रयोगको सम्भावनाबारे कुनै उल्लेख गरेनन् । सीले चीन 'शान्तिपूर्ण एकीकरण' र 'एक देश, दुई व्यवस्था' को नीतिमा प्रतिबद्ध रहेको बताए । साथै, 'एक चीन' सिद्धान्तका आधारमा ताइवानसँग वार्ता गर्न चीन तयार रहेको उनको भनाइ थियो । उनले ताइवानको स्वतन्त्रतालाई समर्थन गर्ने शक्तिहरूको विरोध गर्न र दुवै पक्षबीच शान्तिपूर्ण सम्बन्ध तथा विकासलाई अघि बढाउन आह्वान गरे ।

तर, ताइवानले लामो समयदेखि चीनको सार्वभौमिकताको दाबी अस्वीकार गर्दै आएको छ । त्यहाँका प्रमुख राजनीतिक दलहरूले पनि बेइजिङले प्रस्ताव गरेको 'एक देश, दुई व्यवस्था' मोडललाई समर्थन गरेका छैनन् । सीको पछिल्लो अभिव्यक्ति अर्को साता शेनझेनमा हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनअघि आएको हो । उक्त सम्मेलनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग उनको भेटवार्ता हुन सक्ने सम्भावना छ । यसैबीच, ताइवानमा पनि स्थानीय निर्वाचन नजिकिँदै छ । ताइवानका राष्ट्रपति लाइ चिङ-तेले यसअघि नै टापुको भविष्य त्यहाँका जनताले मात्रै निर्धारण गर्ने बताएका थिए । चीनले उनलाई अलगाववादी नेताका रूपमा चित्रण गर्दै आएको छ र उनको सरकारसँग औपचारिक संवाद गर्न अस्वीकार गर्दै आएको छ ।

छुटे...

२०८३ असार ३० गते जिल्ला अदालत काठमाडौंले रायमाझीलाई दोषी ठहर गर्दै चार वर्ष कैद सजाय तोकेको थियो ।

उनलाई ठगी, राज्यविरूद्धको कसुर, संगठित अपराध कसुर गरेको अभियोगमा दोषी ठहर गरिएको थियो । गत कात्तिक १३ गते काठमाडौं अदालतका न्यायाधीश राजेन्द्र सिंह भण्डारीको इजलासले जेष्ठ नागरिकको सुविधा प्रदान गर्ने निर्णय गर्दै कैदमुक्त गर्न आदेश दिएका थिए । जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ अनुसार ६५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई २५ प्रतिशतसम्म छुट दिने व्यवस्था उल्लेख छ ।

रायमाझीलाई ठगीमा दुई वर्ष कैद र २० हजार जरिबाना, संगठित अपराधमा ती वर्ष कैद र ३० हजार जरिबाना, राज्यविरूद्धको कसुरमा एक वर्ष ६ महिना कैद र १५ हजार जरिबाना र एकीकृत कसुरतर्फ चार वर्ष कैद र ४० हजार जरिबाना ठहर भएको थियो ।कैद छुट भए पनि जरिबाना भने सबै कसुरको व्यहोर्नुपर्नेछ ।

हुकुमी...

सर्वोच्च अदालतका न्यायाधिशहरूलाई महाभियोग लगाउने धम्की दिएर रास्वपा र सरकारले न्यायालयलाई प्रभावित पार्ने कार्य समेत गरेको छ । सरकारका काम कारबाहीका विरूद्ध अदालतमा मुद्दा पर्ने र ती मुद्दाहरूमा न्यायाधिशले सरकारको पक्षमा निर्णय दिइनन् भनेर महाभियोग लगाउने धम्की दिएका हुन् । सरकारको पक्षमा निर्णय नभएमा महाभियोग लाग्न सक्छ भनेर न्यायाधिशहरूलाई तर्साउन खोजिएको छ । लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थामा न्यायालय जति बलियो हुन्छ त्यति नै बलियो लोकतन्त्र र लोकतान्त्रिक व्यवस्था बलियो हुन्छ भन्ने हेक्का रास्वपा र बालेन सरकारलाई होस् । संसदमा रहेका विपक्षी दलहरूलाई साथमा लिएर लोकतान्त्रिक चरित्रअनुसार सरकार सञ्चालन गर्नुको बदला हुकुमी शैलीमा सरकार सञ्चालन हुनु लोकतान्त्रिक चरित्र हुन सक्दैन ।

गणतन्त्र...

प्रदर्शन र विध्वसात्मक कार्यको रक्तपातले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो ।

प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारले समेत गणतान्त्रिक व्यवस्था र लोकतान्त्रिक चरित्रलाई व्यवहारमा लागु गर्न सकेको छैन । पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलहरु निर्वाचनमा नराम्रोसँग पराजित भएका र भाद्र २३ र २४ गतेको घटनामा उनीहरूनै दोषी हुन् भन्ने भाष्य बनाइएको हुनाले गणतन्त्र नै अहिले अर्काकै पासोमा परेको जस्तो देखिएको छ ।

सत्ताको नेतृत्वकर्ता दल रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकारले पनि लोकतान्त्रिक चरित्र देखाउन सकेको देखिँदैन । आफू सत्तामै रमाउने र विपक्षी दलहरु र सरकारको विरोध गर्नेहरूलाई अनेक उपनाम दिएर बद्नाम गर्ने प्रयासले गर्दा बालेन सरकार नै संकटमा पर्न सक्छ । त्यही कारणले गर्दा रास्वपा नेतृत्वले जिम्मेवार ढँगले अघि बढ्नु आवश्यक देखिन्छ ।

हसिना...

मुद्दालाई 'कानुनी प्रहसन' भन्दै अस्वीकार गरेकी थिइन् । अभियोजक अमिनुल इस्लामका अनुसार, मृत्युदण्डको फैसलाविरूद्ध अपिल गर्ने कानुनी समयसीमा समाप्त भइसकेको छ । त्यसैले हसीनासँग अब फैसला चुनौती दिने कुनै कानुनी विकल्प बाँकी नरहेको उनको दाबी छ ।

विद्यार्थी नेतृत्वको आन्दोलनपछि सन् २०२४ अगस्टमा देश छाडेकी हसिना त्यसयता भारतमा निर्वासनमा बस्दै आएकी छन् । उनले आगामी डिसेम्बरमा बंगलादेश फर्किने योजना बनाएको बताइएको छ । समाचार एजेन्सी एपीका अनुसार, उनले नयाँ राहदानीका लागि समेत आवेदन दिएकी थिइन् ।

अभियोजन अमिनुल इस्लामले गम्भीर अपराधमा दोषी ठहर भएका व्यक्तिलाई राहदानी जारी गर्न सम्बन्धित निकायले अस्वीकार गर्न सक्ने बताएका छन् ।

फूलखेतीमा रमाउँदै मानकाजी

लामो समय राजनीति र समाजसेवामा सक्रिय रहेका गोरखाका मानकाजी श्रेष्ठ पछिल्लो समय कृषि उद्यममा रमाइरहेका छन् । तिहारलाई लक्षित गर्दै उनले चितवनको रत्ननगर नगरपालिका- १६, पिठुवामा व्यावसायिक फूलखेती सुरू गरेका छन् । पहिलोपटक गरिएको खेतीबाट राम्रो उत्पादन हुने संकेत देखिएपछि श्रेष्ठ उत्साहित देखिन्छन् ।

श्रेष्ठले आफ्नै १५ कट्ठा जग्गा र भाडामा लिएको थप १५ कट्ठा गरी कुल ३० कट्ठा क्षेत्रफलमा सयपत्री फूलखेती गरेका हुन् । 'खेतमा करिब २७ हजार सयपत्री फूलका बिरूवा रोपेको छु,' उनले भने, 'करिब १६ लाख रूपैयाँभन्दा बढी लगानीमा सुरू गरिएको खेतीबाट अपेक्षाकृत राम्रो उत्पादन भएको छ ।'

बजारमूल्य अपेक्षाअनुसार उच्च नभए पनि उत्पादन राम्रो भएकाले सबै खर्च कटाएर करिब ३० लाख रूपैयाँसम्म नाफा कमाउन सकिने श्रेष्ठको अनुमान छ । उनी भन्छन्, 'व्यवसाय सुरू गरेसँगै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी बेरोजगारीलाई रोजगारको वातावरण सिर्जना गरेको छ । हाल तीनजनाले स्थायी र १५ जनाले अस्थायी रूपमा रोजगारी पाएका छन् ।'

श्रेष्ठका अनुसार तिहारमा भाइटीका तथा अन्य धार्मिक र सांस्कृतिक कार्यमा सयपत्री फूलको विशेष महत्व रहने भएकाले बजारको सम्भावना देखेर व्यावसायिक रूपमा फूलखेती सुरू गरिएको हो । परम्परागत रूपमा घरआँगन र करेसाबारीमा सीमित हुँदै आएको फूलखेतीलाई व्यावसायिक स्वरूप दिन सके राम्रो आम्दानीको स्रोत बन्न सक्ने उनले बताए ।

श्रेष्ठको कृषियात्रा मखमली फूलखेतीमा मात्र सीमित छैन । उनी पछिल्लो समय एभोकाडो र धानखेतीमा समेत लगानी तथा परीक्षण गरिरहेका छन् ।

उनले धादिङको बेनीघाट रोराङ गाउँपालिका- ३ मा करिब ४० देखि ५० रोपनी क्षेत्रफलमा दुई वर्षअघि एभोकाडो खेती सुरू गरेका थिए । उक्त क्षेत्रमा करिब चार सयवटा एभोकाडोका बिरूवा रोपिएका छन् । यस वर्षदेखि एभोकाडो उत्पादन सुरू हुने उनी बताउँछन् ।

त्यस्तै, आफ्नो पुख्यौंली थलो गोरखाको जौबारीमा पनि उनले यसै वर्षदेखि धानखेतीको परीक्षण सुरू गरेका छन् । करिब ३० रोपनी जग्गामा चार फरक प्रजातिका धान लगाएर परीक्षण खेती गरिरहेका छन् ।



'श्रेष्ठ एग्रिकल्चर एन्ड लाइभस्टक फार्मु'मार्फत कृषि व्यवसाय अघि बढाइरहेका श्रेष्ठ परम्परागत खेती प्रणालीलाई आधुनिक र व्यावसायिक स्वरूप दिने प्रयासमा छन् । एउटै बालीमा निर्भर नभई विभिन्न सम्भावनायुक्त कृषि उत्पादनमा लगानी र परीक्षण गर्ने उनको योजना छ ।

तिहारलगायतका चाडपर्वमा फूलको माग उच्च हुने गरे पनि मागअनुसार स्वदेशी उत्पादन पर्याप्त हुन नसक्दा भारतबाट समेत फूल ल्याउनुपर्ने अवस्था छ । यस्तो अवस्थामा स्थानीयस्तरमै व्यावसायिक फूलखेती विस्तार हुन सके किसानको आम्दानी बढ्नुका साथै आयात प्रतिस्थापनमा समेत सहयोग पुग्ने श्रेष्ठको भनाइ छ । 'चितवनको कृषि सम्भावना, बजारको पहुँच र अनुकूल हावापानीलाई उपयोग गर्दै परम्परागत खेतीसँगै फूलखेतीजस्ता वैकल्पिक कृषि व्यवसाय विस्तार गर्न सकिन्छ,' उनी भन्छन् ।

राजनीतिक जीवनका विभिन्न आरोह-अवरोह पार गर्दै अहिले कृषि कर्ममा रमाइरहेका श्रेष्ठको यात्रा कृषि क्षेत्रमा नयाँ सम्भावना खोज्नेका लागि उदाहरणीय बनेको छ ।

उमेरमा ७० पार गरिसकेका श्रेष्ठ पञ्चायतकालदेखि नै राजनीतिमा सक्रिय थिए । परिवारका अन्य सदस्य नेपाली कांग्रेसको राजनीतिमा सक्रिय भए पनि श्रेष्ठले भने पञ्चायती व्यवस्थालाई आफ्नो राजनीतिक आधार बनाए ।

बहुदलीय व्यवस्था पुनर्स्थापनाअघि नै उनी नेपाल युवक संगठनको गोरखा जिल्ला सभापतिमा निर्वाचित भएका थिए । उनी जिल्ला पञ्चायतको पदेन सदस्यसमेत बनेका थिए ।

बहुदलीय व्यवस्था आएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा सक्रिय भएका श्रेष्ठले जिल्ला विकास समितिको सभापति पदमा समेत प्रतिस्पर्धा गरेका थिए ।

तत्कालीन समयमा गोरखा क्षेत्र नम्बर २ बाट डा. बाबुराम भट्टराईसँग संसदीय निर्वाचनमा राप्रपाका उम्मेदवारका रूपमा प्रतिस्पर्धा गर्ने तयारी गरे पनि पछि उम्मेदवारी फिर्ता लिए । पछि उनी पार्टीको कारबाहीमा समेत परेका थिए ।

उनका सहोदर भाइ नारायणकाजी श्रेष्ठ प्रकाश मूलधारको राजनीतिमा सक्रिय भएपछि पारिवारिक रूपमा भाइको राजनीतिक यात्रालाई सहयोग गर्ने उद्देश्यले आफू सक्रिय राजनीतिबाट टाढै रहेको श्रेष्ठ बताउँछन् ।

राजनीतिसँगै श्रेष्ठको खेलकुद क्षेत्रमा पनि संलग्नता थियो । उनी कुनै समय नेपाल क्रिकेट संघ (क्यान)को पदाधिकारी तथा सदस्यका रूपमा समेत कार्यरत थिए । त्यस समयमा नेपाली यू-१९ क्रिकेट टोलीले हङकङमा आयोजित एसिसी प्रतियोगिताको उपाधि जितेको थियो ।

राजनीति, खेलकुद र समाजसेवाका विभिन्न गतिविधिमा लामो समय बिताएका श्रेष्ठ अहिले भने कृषि उद्यमलाई प्राथमिकता दिइरहेका छन् । चितवन र मकवानपुरलगायतका जिल्लामा विभिन्न कृषि उत्पादनको व्यावसायिक खेती तथा परीक्षणमा उनी सक्रिय छन् ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार